सिरहा जिल्लाको कर्जन्हा नगरपालिका स्थित कमला खोलाको तोकीएको क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, ग्राभेल तथा वालुवाको संकलन/उत्खनन कार्यका लागी गरिएको

प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन

Initial Environmental Examination (IEE) Final Report





प्रस्तावक

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा , सिरहा

मधेश प्रदेश .नेपाल



सहयोगी संस्था

धनुष मल्टीपर्पोज प्रा.लि.

धनुषाधाम -९ ,धनुषा

फोन नं: ९८०६७४९४८८

नगरपालिकाको
वीरेन्द्रबजार, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

Abbreviation(संक्षिप्त शब्दहरु)

मि.	मिटर
मि.मि.	मिलिमिटर
गा.वि.स	गाँउ विकास समिति
न.पा.	नगरपालिका
जि.स.स	जिल्ला समन्वय समिति
घ.मि.	घन मिटर
स्था.स्वा.शा.ऐ.	स्थानीय स्वायत्त शासन ऐन
स्था.स्वा.शा.नि.	स्थानीय स्वायत्त शासन नियमावली
गै.स.स.	गैर सरकारी संस्था
जि.भू.का.	जिल्ला भू संरक्षण कार्यालय
क्षे.ज.प्र.नि.का.	क्षेत्रीय जल उत्पन्न तथा प्रकोप नियन्त्रण कार्यालय
जि.व.का.	जिल्ला वन कार्यालय
घ.सा.उ.का.	घरेलु तथा साना उद्योग कार्यालय
जि. अ. प्रा. उ. स.	जिल्ला अनुगमन प्राविधिक उपसमिति

प्रमुख प्रशासकिय अधिकृत

विषय सूची

कार्यकारी सारांश ..... क

अध्याय : एक

परिचय(Introduction) १

१.१. प्रस्तावको नाम (Name of the Proposal) १

१.२. प्रस्तावकको नाम र ठेगाना (Name and Address of the Proponent) : १

१.३. प्रतिवेदन तयार पार्ने संस्था/व्यक्ति (Institution/Individuals Responsible for preparing the EIA Report): १

१.४. प्रस्तावको पृष्ठभूमि (Background): २

१.५. ईआईएको उद्देश्य (Objectives of IEE): २

१.६ प्रस्तावको सान्दर्भिकता : २

अध्याय : दुई

प्रस्तावको सामान्य परिचय (General Description of the Proposal) ३

२.१ प्रस्तावको प्रकार (Type of Proposal): ३

२.२ प्रस्तावको प्रमुख विशेषताहरु (Salient Feature of the Proposal): ३

२.३. प्रस्तावको विवरण (Proposal Description): ४

२.३.१. प्रस्तावको उद्देश्य (Objectives of the Proposal): ४

२.३.२. प्रस्ताव क्षेत्रको अवस्थिति (Proposal Location) ४

२.३.३.प्रस्तावित क्षेत्रमा यातायातको पहुच (Proposal Component Accessibility): ५

२.३.४. प्रस्तावको क्षेत्र निर्धारण (Delineation of Impact Area): ५

२.४.प्रस्ताव क्षेत्रमा हुँगा गिट्टी तथा बालुवाका लिगो उत्खनन /संकलन ६

२.४.१.प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन/संकलन कार्य ६

२.४.२ संकलन/उत्खनन गरिने परिमाणको आंकलन (Estimation of Quantity of Extraction of Sediment): ७

२.५.संकलन/उत्खनन गरिने परिमाणबाट प्राप्त हुने राजस्व/कर(Revenue collection fromsite): ७

२.६ संकलनस्थल र परिमाण ७

अध्याय : तिन

अध्ययन विधि(Methods adopted during study): ११

३.१. प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण (Review and Synthesis ofSecondary Information and Data): ११

३.२. फिल्ड सर्वे एवं प्रस्ताव क्षेत्र निरिक्षण (Field Survey and Site Investigation): ११

३.३. सार्वजनिक सूचना एवं सिफारिस पत्रहरु (Public Notice andRecommendation Letters): १२

३.४. तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनिकरण विधिहरुको पहिचानसुझाव एवं प्रतिवेदन तयारी (Data Analysis, Identification/Prediction/Evaluation of Impacts, Identification / Suggestion of Mitigation Measures and Reporting): १२

अध्याय : चार

विद्यमान ऐन नियम, नीति, निर्देशिका, मापदण्ड एवं सम्झौताहरुको पुनरावलोकन (Review of Legislation, Policies, Laws and Guidelines) १४

४.१ नेपालको संविधान १३
४.२ नीतिहरु (Policies)..... १३
४.३ ऐन तथा नियमावली (Acts and Rules) १४
४.४ निर्देशिका, निर्णय र प्रतिवेदनहरु (Guidelines, Orders and Reports) १६
४.५ अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरु(International conventions)..... १९

अध्याय : पाँच

वस्तुगत वातावरणीय अवस्थाको बयान (Description of the Existing EnvironmentalConditions): २०

५.१. भौतिक वातावरण..... २०
५.१.१ भौगोलिक अवस्थिति २०
५.१.२ धरातलीय ढाल तथा भूस्थिति २०
५.१.३ माटोको प्रकार एवं भूगर्भ..... २१
५.१.४ भूक्षय..... २१
५.१.५ जलाधार क्षेत्र..... २१
५.१.६ जलवायु/हावापानी..... २१
५.१.७ हावा र पानीको गुणस्तर एवं ध्वनीको मात्रा २१
५.१.८ भू-उपयोग २१
५.१.९ भैगोर्भिक अवस्था २२

५.२. जैविक वातावरण..... २२
५.२.१ वन तथा वनस्पती : २२
५.२.२ वन्यजन्तु:..... २३

५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण..... २५
५.३.१ जनसङ्ख्या..... २५
५.३.२ जात र जनजाति..... २५
५.३.३ शिक्षा एवं साक्षरता २५
५.३.४ पेशा..... २५
५.३.५ उर्जा, विजुली एवं सञ्चार..... २६
५.३.६ खानेपानी, स्वास्थ्य तथा सरसफाई..... २७
५.३.७ यातायात र पहुँचमाग २८
५.३.८ घरको बनोट..... २८

अध्याय : छ

कार्यान्वयनका विकल्पहरु (Alternatives for the Implementation of the Proposal) ३१

६.१ प्रस्ताव कार्यान्वयन नगर्ने (No Proposal option)..... ३१
६.२ प्रस्तावका विकल्पहरु(Proposal Alternatives)..... ३१
६.२.१ वैकल्पीक क्षेत्र (Alternative Site) ३१
६.२.२ वैकल्पीक समय तालिका एवं विधि (Alternative schedule and process)..... ३१

अध्याय : सात

प्रभाव पहिचान, अनुमान र मूल्याङ्कन (Impact Identification, Prediction and Evaluation): ३२

७.१ भौतिक वातावरण (Physical environment) ३२
७.१.१ सकारात्मक प्रभावहरु (Positive Impacts) ३२
७.१.२ नकारात्मक प्रभावहरु (Negative Impacts) ३२

DHANUSH Multipurpose Pvt.Ltd
प्रमुख प्रशासकिय अधिकृत

७.२ जैविक वातावरण (Biological environment) ३२
७.२.१ नकारात्मक प्रभावहरु (Negative Impacts) ३२
७.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural environment) ३३
७.३.१ सकारात्मक प्रभवहरु (Positive Impacts) ३३
७.३.२ नकारात्मक प्रभावहरु (Negative Impacts) ३३
७.४ रसायनिक वातावरण (Chemical environment) ३३
७.४.१ नकारात्मक प्रभावहरु (Negative Impacts) 33

अध्याय : आठ

प्रभाव वढोत्तीकरण एव न्युनिकरण गर्ने उपायहरु (Impact Mitigation and Enhancement Measures): ३७

८.१ सकारात्मक प्रभावहरु वढोत्तरी गर्ने उपाय (Beneficial impacts augmentation measures) ३७
८.२ नकारात्मक प्रभाव न्युनीकरणका उपाय (Adverse impacts mitigation measures) ३७

अध्याय : नौ

वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan) ४४

९.१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु : ४४
९.१.१ स्थानीय निकाय, **कर्जन्हा** नगरपालिका ४४
९.१.३ जिल्ला वन कार्यालय, सिरहा ४४
९.१.४ नगरपालिका तथा स्थानिय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु ४४
९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ४५
९.३. अनुगमन र न्युनिकरणको खर्चको विवरण : ४७

अध्याय : दश

निष्कर्ष एवं प्रतिवद्धता (Conclusion and Committment) ४९

अध्याय : एघार

सन्दर्भ सामाग्रीहरु(References) ५१

प्रमुख प्रशासकिय अधिकृत

कार्यकारी सारांश

सिरहा जिल्लाको कर्जन्हा नगरपालिकाले कमला खोलाको बिभिन्न तोकिएको क्षेत्रबाट ढुंगा, वालुवा, गिट्टी, रोडा इत्यादीको संकलन तथा उत्खनन् कार्यान्वयनको लागि प्रस्ताव गरेको छ । यो परियोजना कमला खोलाको ढुंगा, गिट्टी, वालुवा आदि सदुपयोगको लागि प्रस्ताव गरिएको हो । प्रस्तावित क्षेत्रहरुमा कमला खोला - ८०,१६५.७ घनमिटर वार्षिक रुपमा निकाल्न सकिन्छ । संसोधित वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली अनुसार प्रत्येक नदीबाट दैनिक ३०० घन मिटरभन्दा बढी संकलन र निर्यात नगर्ने गरी प्रारम्भिक वातावरणीय परीक्षणका लागि आव्हान गरेको छ । यस अध्ययनको मुख्य उद्देश्य परियोजनाको पहिचान, मुल्यांकन, सम्भावित वातावरणीय असरको अनुमान र त्यसलाई न्यूनिकरण गर्दै जाने उपायको सिफारीस गर्नुहो । यसका लागि पूर्व प्रकाशित सामग्रीहरुको समीक्षा, स्थलगत अध्ययन, स्थानीय समुदायसँग छलफल, विभिन्न सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी प्रारम्भिक प्रतिवेदन तयार पारिएको थियो ।साथै यसको मूख्य उद्देश्यहरु निम्नानुसार रहेकाछन् :-

- परियोजना क्षेत्रमा रहेको भौतिक, जैविक, समाजिक-आर्थिक तथा सांकृतिक वातावरणीय पक्षको पहिचान गर्ने।
- परियोजना लागू गर्दा पर्ने सम्भावित वातावरणीय असरको पहिचान गर्ने ।
- परियोजनाको कार्यान्वयनवाट पर्ने असरको न्यूनिकरणका उपायहरुको विकास गर्ने ।
- भविष्यमा हुने परियोजनाको विकासका सन्दर्भमा निर्णयकर्ताका लागि सुझाव पेश गर्ने ।

वर्तमान वातावरणीय अवस्था

भौतिक वातावरण

प्रस्तावित सबै क्षेत्रहरु भैगोर्भिक दृष्टिकोणले Terai अन्तर्गतको Main frontal trust अर्न्तगत पर्दछन।

जैविक वातावरण

यस क्षेत्रमा पाइने वनस्पतिहरुमा साल, सिसौं, सिमल, जामुन, कदम, खयर आदी मुख्य वनस्पतिहरु रहेका छन् । यहा विभिन्न प्रजातिका स्तनधारी जीवहरु जस्तै बादर, मृग, बादर, जंगली बिरालो जस्ता जनावरहरु रहेको जानकारी पाइयो त्यसैगरी घस्रने जातका प्राणीमा सर्प, छेपारो, पाहा सवैभन्दा वढी पाइन्छन । यस क्षेत्रमा भ्यागुता जस्ता उभयचरहरु पनि पाइन्छन । त्यस्तै काग, भगेरा, कालिज, ढुकुर,हरियो ठाउके, हुटिट्याउँ लगायत प्रजातिका पंक्षीहरुको वासोवास रहेको छ । माछाहरुमा जस्तै राज बाम, बुदुना, बम, कत्ले पाईन्छन । साथै यी क्षेत्रहरु कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरुभित्र पर्दैनन् ।

सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण

२०७८ सालको सर्वेक्षण अनुसार कर्जन्हा नगरपालिकाको कुल जनसंख्या ३८,५५७ मध्य १८,६४९ जना पुरुष र १९,९०८ जना महिला रहेका छन् । मानिसहरुमा धेरै यादव, मुसलमान, ब्राह्मण, क्षत्री, मुसहर र अन्य जाति पर्दछन् । स्थलगत अध्ययनका क्रममा अध्ययन क्षेत्रकमा कुनैपनि धार्मीक तथा सांस्कृतिक क्षेत्र पर्दैन । प्रस्तावित उत्खनन् क्षेत्र तथा उत्खनन् कार्यले कसैको पनि व्यक्तिगत सम्पतीमा कुनै किसिमको क्षति तथा हानि नोक्सानी पूर्याउने देखिदैन । स्थलगत अध्ययनक क्रममा यस उत्खनन क्षेत्रमा घाट पर्ने देखिएन ।

वातावरणीय प्रभाव

सकारात्मक प्रभाव

बैज्ञानिक र व्यवस्थित विधिद्वारा ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्दा त्यस्ता नदीको वेड लेभल नवढ्ने हुनाले खोलावाट पानी वाहिर वस्ती तथा खेती गरिएको वरपरको क्षेत्रमा जान नसक्ने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन् कार्य गरिने हुदा त्यसबाट नदी किनार सुरक्षित भई सो क्षेत्रको वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुनेदेखिन्छ । यसले स्थानिय वासिन्दालाई थप आयआर्जन गर्ने स्रोत खुला गरेको छ । यसलेदक्ष तथा अर्द्धदक्ष जनशक्तीलाई

रोजगारीको अवसर दिने छ । जसले स्थानिय वासिन्दाको आय स्तर बढाउने छ भने स्थानिय वासिन्दाको प्राविधिक ज्ञान आर्जन गर्न पनि सहयोग गर्ने छ ।

यस प्रस्तावको मुख्य उद्देश्य कर्जन्हा नगरपालिका ,सिरहाको राजश्व वृद्धि गर्ने हो । जुन स्थानिय वासिन्दाको जिवनस्तर वृद्धि, नदी नियन्त्रणका कार्यहरु, सडक संजालको विकास तथा शैक्षिक क्षेत्रमा लगानी गर्न सकिने देखिन्छ ।

नकारात्मक प्रभाव

भौतिक वातावरण

उत्खनन् कार्यले नदीको वहावलाई स्थाइ तथा अस्थाइ रुपमा वद्लिन सक्छ तथापी यसको असर, क्षेत्र विशेष हुनेछ । यसको प्रत्यक्ष असर नदी किनारमा पर्दछ । तर भिरालोपन कम भएकालेले धेरै वहाव देखिदैन । यसको असर प्रत्यक्ष, क्षेत्र विशेष र .स्थाइ छ ।

ठूला गाडीहरुको आवतजावत र प्रसोधन केन्द्रले वायु प्रदुषण निम्त्याउने देखिन्छ । साथै गाडीको धूवाँ तथा प्रशोधन केन्द्रमा प्रयोग हुने इन्धनले वायुको गुणस्तरलाई प्रभाव पार्दछ । वायु प्रदुषण सुख्खा समयमा बढी देखिन्छ तथापी असर मौसमी तथा स्थानिय स्तरमा हुनेछ ।

प्रसोधन केन्द्रको संचालन, गाडीहरुको चहलपहल र उत्खनन कृयाकलापले कोलाहल सृजना गर्छ जसको असर स्थानिय वासी तथा श्रमीकको सुन्ने क्षमतामा पर्दछ तथापी यो क्षेत्र विशेष हुने देखिन्छ ।

ढुंगा, गिट्टी,ग्राभेल,बालुवा जस्तास्रोतहरूको संकलन तथा उत्खनन, धूलो तथा पानीले सफागर्ने कार्य, इन्धन तथा लुव्रिकेन्ट पोखिंने आदि कार्यहरुले पानीको गुणस्तरमा प्रभाव पार्ने देखिन्छ र यो प्रभाव स्थानिय देखि क्षेत्रिय स्तरसम्म देखिन्छ ।

जैविक वातावरण

उक्त क्षेत्रमा दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति देखिँदैन । ढुङ्गा, वालुवा, गिटी संकलन गर्दा नदी तथा खोलामाधुलो र पानी प्रदुषणका कारण माछा एवं अन्य जलचर वासस्थानमा प्रभाव पर्न सक्नेछ ।

सामाजिक तथा आर्थिक वातावरण

प्रस्तावित परियोजनाका कृयाकलापले सामाजिक आर्थिक तथा सांस्कृतिक मुल्य मानयतामा कम असर गरेको देखिन्छ । परियोजनामा गतीविधिहरु तुलनात्मक रुपमा साना, मौषमी र अस्थाइ प्रकृतिका हुन्छन्, तिनको असर कम हुने अपेक्षा गरीएको छ ।

यस क्षेत्रमा धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रहरु पाइएकाले यस क्षेत्रमा असर पर्ने देखिदैन । परियोजनामा कामदारहरु वाहिरीयाहरु कम र स्थानिय बढी छन् र प्रत्यक्ष तथा अप्रत्यक्ष असर सँग सामना गर्नुपर्ने हुन्छ ।

श्रमिकहरुले विभिन्न किसिमका संभावित रोग तथा खतराहरु जस्तै धूलोका कारण स्वासप्रश्वास तथा आँखाको रोग, उत्खनन तथा प्रशोधनका वेला उच्च जोखिम, यातायातको वेला दुर्घटनाको खतरा आदिको सामना गर्नु परेको छ । यसैगरी अनुचित सरसफाइका कारण पानी दुषित हुने र विभिन्न प्रकारका रोग लाग्न सक्छ । विशेष गरी वर्षातको समयमा बाढीका कारण संकलन तथा उत्खनन कार्य गर्दा श्रमीकको ज्यान पनि जान सक्ने सम्भावना पनि हुन्छ । त्यसैगरी, स्थानीय कामदार तथा वाहिरबाट आएर काम गर्ने कामदार बीच कामको विषयमा वादविवाद श्रृजना हुन सक्दछ ।

<u>नियन्त्रणका उपायहरु</u>

भौतिक वातावरण

नदीमा पानीको प्राकृतिक धारमा परिवर्तन हुने गरी प्रस्तावित कृयाकलाप गर्नु हुदैन । पानीको वाटो छेक्नेगरी कुनै पनि अवरोध खडा गरीनु हुदैन ।

- नदीको किनारमा बनेका भौतिक सरचनाहरु नजिक संकलन कार्यलाई निरुत्साहित गरि तोकिएको क्षेत्रवाट मात्र संकलन गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

- पक्की पुलको हकमा तलमाथि दुबै तर्फ कम्तिमा ५०० मी. को दूरीमा संकलन कार्य पूर्ण रुपले निषेधित गर्ने।
- ढुवानीका लागि नगरपालिकाले तोकिदिएको (संकलनकर्ता संग ठेक्का संझौतामा समावेश गर्ने) सडकहरुवाट मात्र गर्ने ।
- गल्छीहरु बन्न नदिन नदीको पानी बगेको सतह भन्दा मुनि संकलन उत्खनन कार्य नगर्ने ।
- भुक्षय हुन सक्ने स्थानमा तारजाली अथवा बांध लगाई जमिनको सुरक्षा गर्ने का साथै उचित निरिक्षण गर्ने
- ढुवानी गर्दा प्रयोगगर्ने कच्चि बाटो समय समयमा पानीले भिजाउने
- विद्यालय जस्ता संवेदनशील क्षेँत्रमा हर्न बजाउन निषेधित गर्ने
- ढुवानी गर्दा संकलित श्रोतबस्तुलाई पूर्ण रुपले त्रिपालले छोप्ने र मात्र ढुवानी गर्ने ।
- थेग्रिएका बस्तुहरु खोलाको छेउछाउथुर्पान निषेध गर्ने
- सरोकारबाला तथा कामदारको वातावरणिय सचेतना बृद्धि तालिम गर्ने ।
- कामदारहरुलाई स्रोत संरक्षण सम्वन्धी तालिम गर्ने ।
- कामदारहरुलाई अस्थाइ टहराहरु बनाइ, उत्खनन् संकलन क्षेत्रमा बस्न निषेधित गर्ने ॥
- स्रोत संकलन गरेपश्चात उत्पादन भएका खेर जाने सामग्री जस्तै अनुपयोगी संकलित वस्तु, धुलो, गेग्रानहरुलाई खाल्टा खाल्टी पुर्ने, पहुच मार्गहरुको मर्मतमा सम्याउने आदि कार्यमा प्रयोग गर्ने गरि तह लगाउने ।
- संकलन कार्य गर्दा स्थानिय बासिन्दाको सहभागिता लाई प्रोत्साहन दिने ।
- खुल्ला रुपमा दिशा गर्न निरुत्साहित गर्ने ।
- शौचालय प्रयोग गर्न प्रोत्साहन गर्ने ।
- कामदारहरुद्धारा खेर छाडिएका फोहरहरुको उचित व्यवस्थापन गर्ने ।
- नदी नियन्त्रण सम्बन्धी योजना कार्यान्वयन गर्ने ।
- नदी नियन्त्रण गर्न आवश्यक परेमा ग्याबियनवालहरुको निर्माण गर्ने ।

जैविक वातावरण

वन्यजन्तूमा पर्ने असर नियन्त्रणका उपायहरु

- शिकार सम्वन्धि कानुनी कार्वाहीको वारेमा सचेत गर्ने ।
- रातिको समयमा सँकलन तथा उत्खनन् कार्यमा प्रतिबन्ध लगाउने ।

बनस्पतिहरुमा पर्ने प्रभाव न्यूनीकरण्का उपायहरु

- कामदारहरुको कार्यको नियमीत अनुगमन गर्ने
- बनजन्य उत्पादनको ओसारपसार रोक्न नियमीत रुपमा ढुवानी गर्ने साधनको जाचँ गर्ने ।

माछा एवं अन्य जलचरमा पर्ने प्रभाव न्यूनीकरण्का उपायहरु

- कामदारहरुबाट माछा मार्ने कार्य वन्देज गर्ने ।
- ढुवानीका लागि प्रयोगमा आउने सवारी साधन खोलामा पस्न निषेध गर्ने ।

सामाजिक वातावरण

- स्थानिय श्रमिकलाई प्रथम प्राथमिकता दिइने ।
- वाहिरी श्रमिकलाई निरुत्साहित गर्ने साथै तिनका आश्रीतलाई आयोजना स्थलसम्म ल्याउन निरुत्साहित गर्ने ।

सम्बन्धित दुर्घटना पेशागत स्वास्थ्य समस्याको न्यूनिकरण गर्नका लागि नदी सम्पदाको संकलन तथा उत्खनन र प्रसोधन प्रकृया अपनाइने छ जस अन्तरगत,

DHANUSH Multipurpose

प्रमुख प्रशासकिय अधिकृत

- सबै कामदारका लागि स्वास्थ्य समस्या सम्बन्धी तालिमको आवश्यकता ।
- कामको प्रकृति अनुसार कामदार र सुपरिवेक्षकका लागी सुरक्षित साधन जस्तै चस्मा, हेल्मेट, जुत्ता, पंजा, मास्क आदिको व्यवस्था गरिने छ ।
- खुल्ला दिशा पिसाव तथा जल प्रदुषण नियन्त्रणका लागि संकलन तथा उत्खनन क्षेत्रमा पिउने पानी र उचित चर्पीको व्यवस्था गरिने छ ।
- पेशागत स्वास्थ्य तथा सुरक्षा ऐन लागु गरिने छ ।

वातावरणीय अनुगमन

निष्कर्षमा यस अध्ययनले परियोजनाको Baseline, Compliance र Impact अुगमनको आवशयकता निकालेको छ ।

Baseline अनुगमन निम्नानुसारका Parameter मा गरीने छ ।

- खोला किनारको अवस्था
- भिरालोपनको स्थिरता, बाढी आउन सक्ने क्षेत्र तथा किनारा कटान ।
- वरिपरीको जंगल तथा वन्यजन्तुको चहलपहल।

Compliance अनुगमनले IEE Studyको कार्यान्वयनलाई विश्वस्त पार्न निम्नानुसारका सुझाव दिएकोछ ।

- सिफारिस गरिएकान्यूनीकरणका कार्य भए नभएको
- संकलन सम्बन्धी तालिमभए वा नभएको
- संकलन ईजाजत अनुसारकाम भए नभएको
- जनचेतना अभिबृद्धि कार्य भए नभएको
- सुरक्षा, स्वास्थ्यको अवस्था
- तोकिएको परिमाण वा बढी संकलन गरेको वा नगरेको
- संवेदनशील स्थानमा संकलनकार्य भए नभएको

Impact अनुगमनको लागि निम्नकुराहरु प्रस्ताव गरिएको छ :

- भू संरक्षण कार्य गरे नगरेको
- भौतिक संरचनाको संरक्षण भए नभएको
- वायु, धुवा, ध्वनीको प्रदुषण
- स्थानीय रोजगार

सारांस तथा सुझावहरु

समग्रमा प्रस्तावित क्षेत्रमा प्रस्तावित क्रियाकलापहरुको प्रभाव न्यून देखि सामान्य सम्म देखिन्छ साथै वन्यजन्तु तथा वनमा खासै असर देखिदैन तैपनि जलचर तथा माछामा असर पर्ने देखिन्छ । यसैगरी नदीको वहावको धार, नदीको किनारा कटान, तथा वायु प्रदुषण भने हुनेछ । तर यस्ता प्रकारका बाधा व्यवधानलाई उचिन तरीकाबाट घटाउन तथा समाधान गर्न सकिन्छ । साथै अनुमति दिइएको भन्दा बढी झिक्नेलाई कानूनको मातहतमा पनि ल्याउनु पर्ने देखिन्छ । आयोजनाका क्रियाकलापले घर जग्गा अधिकरण गर्नु पर्ने देखिदैन । यसको सट्टामा स्थानीय वासिन्दालाई रोजगारको सिर्जना गर्दछ । केही बढी भएको River deposits झिक्दा बाढीको खतरा कम हुनाको साथै स्थानिय सरकार जस्तै नगरपालिकाको राजश्व संकलन गर्ने ठुलो स्रोतको रुपमा देखिएको छ । प्रारम्भिक वातावरण परिक्षण अध्ययनले समग्रमा प्रस्तावित आयोजनको प्रभावलाई सम्बोधन गरेको छ र सबै प्रभाव न्यूनिकरण तथा अनुगमनलाई ध्यानमा राखि उक्त आयोजना कार्यान्वयनका लागि सिफारिस गरिएको छ ।

DHANUSH Multipurpose Pvt. Ltd.
प्रमुख प्रशासकिय अधिकृत

अध्याय : एक

परिचय(Introduction)

१.१. प्रस्तावको नाम (Name of the Proposal):

कमला नदीको बिभिन्न तोकिएको क्षेत्रबाट ढुंगा, वालुवा, गिट्टी, रोडा इत्यादीको संकलन तथा उत्खनन कार्य ।

१.२. प्रस्तावकको नाम र ठेगाना (Name and Address of the Proponent) :

कर्जन्हा नगरपालिका

नगर कार्य पालिका को कार्यालय,

कर्जन्हा , सिरहा

१.३. प्रतिवेदन तयार पार्ने संस्था/व्यक्ति (Institution/Individuals Responsible for preparing theIEE Report):

उपरोक्त प्रस्तावको प्रस्तावकको रुपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउने जिम्मा धनुष मल्टीपर्पोज प्रा.लि. को रहन्छ । सो प्रस्तावको सन्दर्भमा आवश्यक प्राविधिक अध्ययन गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिदिने जिम्मा कर्जन्हा नगरपालिकाको कार्यालय, कर्जन्हा सिरहाले धनुष मल्टीपर्पोज प्रा.लि.लाई सुम्पेको छ । त्यसअनुसार धनुष मल्टीपर्पोज प्रा.लि. .ले प्रचलित ऐन, नियम, निर्देशिका र स्वीकृत कार्यसूचीको अधिनमा रही यो अध्ययन प्रतिवेदन तयार गरेको छ ।

धनुष मल्टीपर्पोज प्रा.लि.

धनुषाधाम -९ ,धनुषा

फोन नं.: ९८०६७४९४८८

यस परियोजनाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यमा संलग्न अध्ययन टोलीको नामावली निम्नानुसार छन् ।

अध्ययन टोली (Study Team)

तालिका १.१: अध्ययन टोली

क्र.स.	नाम	पद
१.	अटल देव	टिम लिडर/ वातावरणबिज्ञ
२.	बिबेक कर्ण	सिभिल इन्जिनियर
३.	दिपक यादब	वन बिज्ञ
४.	बिशुभा थापा	बायोलोगीस्ट
५.	सुजन खड्का	ल्याण्ड एंड वाटर रिसोर्स एक्सपर्ट
६.	अभिषेक अधिकारी	सर्भेअर

प्रमुख प्रशासकीय अधिकृत

गणेशमान चारनाथ नगरपालिका
कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

१.४. प्रस्तावको पृष्ठभूमि (Background):

सिरहा जिल्लाका कर्जन्हा नगरपालिका र धनुषा जिल्लाको गणेशमान चारनाथ को सीमा क्षेत्र बाट बग्ने कमला नदीमा निर्माण कार्यमा प्रयोग हुने सामग्री जस्तै गिट्टी, बालुवा उपलब्ध हुँदै आइरहेका छन् । यसरी उपलब्ध वस्तु संकलन गरि निर्माण सामग्रीहरुको रुपमा स्थानीय बासीन्दाहरुको मानवीय आवश्यकता अनुसार घर निर्माण गर्न साथसाथै अन्य विकास निर्माणका कार्यहरु जस्तै पुल, बाटोघाटो आदिको निर्माणका लागि पनि यथेष्टरुपमा प्रयोग हुँदै आइरहेको छ । अव्यवस्थित रुपमा उत्खनन कार्यहरु हुँदा वातावरणमा विभिन्न नकारात्मक असर पर्ने सर्वविदितै छ ।

अतः यसरी प्राकृतिक रुपमा उपलब्ध हुने ढुंङ्गा, गिट्टी, बालुवाको वैज्ञानिक ढंगबाट वातावरणमा न्यूनतम प्रतिकुल प्रभाव पर्ने गरि दिगा रुपमा उत्खनन गर्दा एकातिर स्थानीय माग परिपूर्ति हुने, न.पा.को आयमा बृद्धि हुने साथसाथै नदी नियन्त्रण गर्न र आसपासका वस्तीलाई जलउत्पन्न प्रकोपबाट बजाउन मद्दत मिल्ने हुनाले कर्जन्हा नगरपालिका कार्यालय, सिरहाले निजाङ्गगाड, लास्कु खोला, धौलिगाड खोला, किम्तडी खोला, थालिगाड खोला, काँकडी खोला र दत्तु घट्टेखोलाको वगर क्षेत्रबाट दिगो रुपमा ढुंङ्गा, गिट्टी तथा बालुवाका संकलन/उत्खनन् प्रस्ताव गरेको छ । सोही प्रस्ताव कार्यान्वयनको लागि वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ ले निर्देश गरेबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएको हो ।

१.५. IEEको उद्देश्य (Objectives of IEE):

प्रस्तावित खोलानालाबाट नदिजन्य पदार्थ ढुंगा, वालुवा, ग्राभेल संकलन बाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरि दीगोरुपमा न.पा.भित्रको विभिन्न खोलाहरुवाट ढुंगा, वालुवा, ग्रावेल संकलनमा टेवा पुऱ्याउनु प्रारम्भिक वातावरणीय अध्यन्न को प्रमूख उद्देश्य रहेको छ । अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- प्रस्ताव कार्यान्वयनस्थलको जैविक, भौतिक, रासायनिक तथा सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थितिको पहिचान गर्नु ।
- वातावरणमा पर्ने नकारात्मक प्रभावहरुलाई न्यूनिकरण र सकारात्मक प्रभावहरुलाई अभिमुखिकरण तथा बढवा गर्न सुझाव दिई EMP तयार गन ।
- सम्बन्धित संकलन तथा उत्खनन् क्षेत्रको रेकर्ड गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन पर्याप्त भए नभएको एकिन गर्ने ।

१.६ प्रस्तावको सान्दर्भिकता :

उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी सो को आधारमा यी खोलाहरुबाट ढुंगा, वालुवा, ग्रावेल संकलन गर्दा स्थानीय वातावरणमा के कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पर्छ भनी यकीन गर्नु नितान्त आवश्यक हुन्छ । ढुंगा, वालुवा, ग्रावेल संकलनबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्न नदिन र तिनको नकारात्मक प्रभाव कम गर्न यस जिल्ला तथा नगर क्षेत्र भित्र पर्ने विभिन्न खोलाहरुवाट ढुंगा, वालुवा, ग्रावेल संकलनका लागी प्रारम्भिक वातावरणीय परीक्षण तयार पारिएको छ । नेपालको संविधानको धारा ३० को उपधारा १,२ र ३ ले व्यवस्था गरे अनुरुप वातावरणीय स्वच्छता, एंव प्रदुषण कम गर्नेगरी वातावरण संरक्षण ऐन २०७६ र नियामावालि २०७७ तथा स्थानिय सरकार संचालन ऐन २०७४ नियमहरु, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयद्धारा तयार पारिएको मार्गदर्शन २०७३ को अधिनमा रही संकलन तथा वितरण समेत गर्नलाइ यो प्रस्ताव तयार गर्नुपर्ने आवस्यकता रहेकाले यो कार्यको औचित्य पुष्टि हुन्छ ।

प्रमुख प्रशासकिय अधिकृत

DHANUSHA Multipurpose Pvt. Ltd.

नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय धनुषा जिल्ला मधेश प्रदेश, नेपाल

अध्याय : दुई

प्रस्तावको सामान्य परिचय (General Description of the Proposal)

२.१ प्रस्तावको प्रकार (Type of Proposal):

यो प्रस्ताव सिरहा जिल्लाको कर्जन्हा नगरपालिकाले कमला नदीको बिभिन्न वगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको दिगो एवं वातावरण मैत्री संकलन/उत्खनन कार्यका लागी हो ।

२.२ प्रस्तावको प्रमुख विशेषताहरु (Salient Feature of the Proposal):

तालिका २.१: प्रस्तावको प्रमुख विशेषताहरु

१.	प्रस्तावको नाम : सिरहा जिल्लाको कर्जन्हा नगरपालिकाले कमला नदीको वगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् ।	
२.	**प्रस्तावको अवस्थिति:**	
	प्रदेश	मधेश प्रदेश
	जिल्ला :	सिरहा
	नगरपालिका :	कर्जन्हा नगरपालिका
	क्षेत्रफल:	७६.८४ वर्ग कि.मी.
३.	**भौगोलिक/हावापानी प्रकृति एवं विवरण :**	
	नदीको नाम र प्रकार(River Name and Type)	कमला खोला - सदावहार
	भूवनोट (Terrain)	समथर
	माटो (Soil)	एलुभियल माटो (मसिनो पाँगो माटो, वालुवा देखि ग्राभेल तथा ढुङ्गाहरुको समिश्रण), कोलुभियल माटो
	हावापानी (Climate)	यस कर्जन्हा नगरपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेकोछ । यस नगरपालिकामा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा निकै गर्मी हुने गरेको छ । यहाँको न्यूनतम तापक्रम १० डिग्री सेल्सियस देखि अधिकतम तापक्रम ३८ डिग्री सेल्सियसका बीच रहेको पाइएको छ । यस नगरपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम वर्षा हुने गर्दछ ।
	उचाई (समुद्र सतह माथिको) (Altitude)	समुन्द्र सतहबाट औसतमा ११० मि.
	सिंचाई/खानेपानी(Irrigation/Drinking Water)	छ
४.	**संकलन/उत्खनन कार्य, स्थल र प्रकृया:** Collection Sites, Materials and Methods:	
	कमला खोला	
	संकलन/उत्खनन क्षेत्र Collection/ Extraction Area	

प्रमुख प्रशासकिय अधिकृत

	संकलन/उत्खनन विधि Collection/Extraction Method	सामान्य अवस्थामा हाते औजार प्रयोग गर्न सकिनेछ ।
	दैनिक संकलन गर्न सकिने मात्रा	३०० घन मीटर
	वार्षिकसंकलन गर्न सकिने मात्रा	कमला खोला ८०१६५.७ घन मीटर
	संकलन /उत्खनन् गरीने अबधि Collection/Extraction Period:	नौ महिना (२७० दिन-असोज देखि जेठ सम्म)
	संकलन/उत्खनन स्थानको संख्या Number of Collection/Extraction Sites	१
	संकलन/उत्खनन गरिने सामाग्रीहरु (Materials)	नदिजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, र वालुवा
	प्रस्तावत अर्न्तगतका कार्यहरु उत्खनन/संकलन	उत्खनन/संकलन
	बैधानिकता	प्रतिवेदन स्वीकृत भएको २ वर्षसम्म

२.३. प्रस्तावको विवरण (Proposal Description):

२.३.१. प्रस्तावको उद्देश्य (Objectives of the Proposal):

- जथाभावी उत्खनन संकलनबाट हुनसक्ने वातावरणीय प्रभावहरु जस्तै नदीको वहाव परिवर्तन, भुक्षयका साथसाथै अन्य सामाजिक सम्पत्तिहरुमा हुनसक्ने हानी नोक्सानी नहुने गरि वातावरण मैत्रीरुपमा ढंगा, गिट्टी र वालुवा संकलन, आपूर्ति र व्यवस्थापन गर्ने ।
- स्थानीयस्तरमा आय आर्जन वृद्धि गरि स्थानीय विकासका आवश्यकतालाई सम्वोधन गर्ने ।
- खेर गइरहेको प्राकृतिक सम्पदाबाट स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।
- स्थानीय बासिन्दाहरुमा बैकल्पिक रोजगारीको सृजना गर्ने ।

२.३.२. प्रस्ताव क्षेत्रको अवस्थिति (Proposal Location)

प्रस्ताव क्षेत्रको रुपमा सिरहा जिल्लाका कर्जन्हा नगरपालिका र धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका मा पर्ने कमला नदीको क्षेत्रलाई लिइएको छ । यो समुद्री सतह देखि १४५ मि. को उचईमा र सिराहा जिल्लाको सदरमुकाम देखि लगभग ३४ कि.मि. को दुरीमा स्थित रहेको छ भने धनुषा जिल्लाको सदरमुकाम जनकपुर बाट ४३ कि.मि. को दुरीमा स्थित रहेको छ। कर्जन्हा र गणेशमान चारनाथ नगरपालिका दुवैमा कुल ११ - ११ वडा रहेका छन्। ७६ .८४ बर्ग कि.मि. को क्षेत्रफलमा फैलिएको कर्जन्हा नगरपालिका र २४४.३१ बर्ग कि.मि. को क्षेत्रफलमा फैलिएको गणेशमान चारनाथ नगरपालिका भू-आकृतिक करिब सबै तराई रहेको छ भने माथिल्लो भेगमा मा चुरे क्षेत्र रहेको छ । यस कर्जन्हा नगरपालिकाको पूर्वमा मिर्चैया नगरपालिका, पश्चिममा गणेशमान चारनाथ नगरपालिका, उत्तरमा उदयपुर जिल्ला र दक्षिणमा कल्याणपुर नगरपालिका संग सिमाना जोडिएको छ भने गणेशमान चारनाथ नगरपालिका को पूर्वमा कर्जन्हा नगरपालिका, पश्चिममा मिथिला र धनुषाधाम नगरपालिका, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा सबैला नगरपालिका संग सिमाना जोडिएको छ । यस क्षेत्रम विभिन्न चाडपर्व मनाउने गरिन्छ । जस्तै दशैँ , तिहार, छठ, होलि इत्यादी यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाईन्छ । हालको सर्वेक्षण अनुसार कर्जन्हा नगरपालिकाको कुल जनसंख्या ३८,५५७ रहेको छ भने गणेशमान चारनाथ नगरपालिका को कुल जनसंख्या ४४,०८२ रहेको छ ।

दुवै नगरपालिकामा प्रमुख जातजाति मानिसहरुमा धेरै यादब, मुसलमान, ब्राह्मण, क्षत्री, थारु, राई र अन्य जाति आदीको बसोबास रहेको पाइन्छ । यस नगरपालिकाका बासिले मुख्य गरी हिन्दु धर्म मान्दछन् भने केहिले बौध्द,

कृश्चियन, इस्लाम धर्म मान्ने गरेको पाइन्छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो भने यँहा सबैभन्दा वढि उतपादन हुने धान,आलु, आप, आदि हुन ।

कर्जन्हा नगरपालिका र गणेशमान चारनाथ नगरपालिकाको सीमा क्षेत्र बाट बग्ने कमला खोलाको तोकिएको क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन गर्ने योजना कर्जन्हा नगरपालिका कार्यालयको रहेको छ ।

प्रस्तावित नदीक्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/सङ्कलन स्थलको google चित्रहरु.

कमला खोला



२.३.३.प्रस्तावित क्षेत्रमा यातायातको पहुच (Proposal Component Accessibility):

संकलन स्थान सम्म पहुचमार्ग पुगको बाटो कच्ची भएतापनि राजमार्ग नजिकै भएकाले यातायातमा समस्या भने खासै समस्या देखिदैन ।

२.३.४. प्रस्तावको क्षेत्र निर्धारण (Delineation of Impact Area):

उच्च प्रभाव क्षेत्र (High Impact Zone)

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि क्षेत्र

अधिकृत

तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ। सिराहा जिल्लाको कर्जन्हा नगरपालिका वडा न. १ ,२ ,३ ,५ ,६ र ७ र धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा न. ५,६,७,८ र ९ उच्च प्रभाव क्षेत्रमा राखिइएको छ।

न्यून प्रभाव क्षेत्र (Low Impact Zone)

खोला संकलन तथा उत्खनन स्थलबाट १५० मी. देखि ५ कि. मी सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि न्यून प्रभाव क्षेत्रलाई राखिएको छ।उत्खनन् क्षेत्रका वडा तथा पुरै नगरपालिका नै न्यून प्रभाव क्षेत्रमा पर्दछन।

२.३.५.संकलन/उत्खनन र ढुवानी कार्य र विधि (Activities and methods of Collection/Extractionand Transportation):

ढुङ्गा,गिट्टी,बालुवा लगायत निर्माण सामाग्रीको संकलन र उत्खनन् कार्य तोकिएको नदीमा पानीको बाहाव क्षेत्र भन्दा बाहिर रहेका ढिस्काहरु र केही नदी किनारमा जम्मा भएका ठाँउहरुमा हुनेछ। उत्खनन् तथा संकलन कार्यको लागि मानव संशाधनको प्रयोग गरिनेछ। यदि हेभी उपकरणको (डोजर, स्काभेटर आदि) प्रयोग गर्न परेको अवस्थामा न.पा.मा जानकारी गराई वार्षिक उत्खनन् परिमाणमा परिवर्तन नहुने गरि गर्नुपर्नेछ। निर्माण सामाग्रीको ढुवानीको लागि सडक विभागले सडक प्रयोजनको लागि तोकेको क्षमताको ट्याक्टर तथा ट्रकहरु प्रयोग गरिनेछ। सामान्यतया स्थानीय श्रमिकहरुबाट हात र सामान्य कुटो कोदालो, गैति, हतौडा प्रयोग गरी खोलाको बगर क्षेत्रवाट मात्र ढुङ्गा र ग्राभेल संकलन गरिनेछ र खोलामै सहजै पुग्ने ट्याक्टर, ट्रिपर ढुवानीको लागि प्रयोग गरिनेछ।

- कार्पेट माईनिङ विधि द्वारा मात्र उत्खनन् गरिने छ भने ट्रेन्च (खाल्टोपार्ने) माईनिङ गर्न पाईनेछैन।
- नदीमा गाडी तथा मेशीनरी उपकरणहरू धुनको लागि निषेध गरिनेछ। हेभी उपकरणको (डोजर,स्काभेटर आदि) प्रयोग दिनमा सिमीत गरिनेछ।
- हेभी उपकरणको (डोजर,स्काभेटर आदि) प्रयोग बन्देज गरिनेछ।
- उपकरण प्रयोग गर्दा मझौला प्रकृतीको उपकरण जस्तै बकेट सहित को ट्रयाकटर सम्मको प्रयोग गरिनेछ।
- उपकरण प्रयोग पानी बहाव क्षेत्रमा तथा खोलाको बहाव परिवर्तन हुन सक्ने स्थानमा प्रयोग गरिने छैन।
- उपकरण प्रयोग यस IEE मा प्रस्ताव गरिएको क्षेत्र मध्येबाट नगरपालिकाको प्राविधिक टोलीले तोकेको स्थानमा सिमीत गरिने छ।

२.४.प्रस्ताव क्षेत्रमा ढुंगा गिट्टी तथा बालुवाका दिगो उत्खनन् /संकलन

२.४.१.प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन्/संकलन कार्य

कमला नदिमा विभिन्न स्थलहरुबाट व्यक्तिगत प्रयोजनको लागि फाटफुट रुपमा उत्खनन् र सङ्कलन कार्य गरिदै आईएको छ। यद्यपि यस आयोजना कार्यान्वयन गर्दा सामान्यतया श्रमिकहरुबाट हात र सामान्य कुटोकोदालो, गैचि, बेल्चार हतौडा प्रयोग मात्र गरिनेछ र ढुवानीको लागि Tractor, Tipper, etc. लाई पहुँच मार्गबाट सिधै नदीमा पुयाई ढुवानीका लागि प्रयोग गरिनेछ।

२.४.२ संकलन/उत्खनन गरिने परिमाणको आंकलन (Estimation of Quantity of Extraction of Sediment):

नदीमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन गर्न सकिने परिमाण विभिन्न कुराहरु जस्तै नदीको वहाव, पानीको मात्रा, भु-धरातल आदिमा भरपर्ने भएकोले नदीको तटमा जम्मा हुने ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण यकिन गर्न धेरै असजिलो छ । तर फिल्डको अवस्थिति, अवस्था र ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गर्न नदीमा रहेका कामदारहरुसँगको अन्तर्वातामा आधारित भई फिल्ड टिमले तल प्रस्तुत गरिए बमोजिमको फर्मुला बमोजिम ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गर्नसकिने परिमाण निकालेको छ । तत्काल देखिएको थेग्रानबाट नवढ्ने गरी उत्खनन् गर्न प्रस्ताव गरिएको छ किनकि वगरमा जम्मा भएको सम्पुर्ण थेग्रान उत्खनन् गर्दा वर्षामा आउने बाढी अनियन्तरित हुन गई पहिरो तथा भु-क्षयको उच्च जोखिम हुनसक्छ । हाललाई उक्त परिमाण प्रस्ताव गरिएपनि चलायमान नदी प्रणालीमा थेग्रानको मात्रा वर्षै पिच्छे आउने बाढी तथा अन्य मौसमी अवस्थामा भरपर्छ । यसकारणले प्रत्येक वर्षको वर्षा पछी नगरपालिका प्राविधीक प्रमुखको संयोजनमा स्थलगत अध्ययन गरि त्यस बर्ष उत्खनन् गर्न सकिने परिमाण IEE मा अनुमान गरिएको परिमाण नबड्ने गरी) यकिन गरिनेछ । उत्खनन गरिने क्षेत्रको क्षेत्रफल यकिन गर्नको लागि गुगल अर्थ को प्रयोग गरिएको छ ।

उत्खनन् क्षेत्रको क्षेत्रफल, Area - A (मि.* मि.) (गुगल अर्थ)

उत्खनन् क्षेत्रको उचाइ, Replenishable depth of the sediment deposition (m) (D ९मि).

पदार्थ संचितिको मात्रा, Quantity of Sediment deposit (m^3)-Q= A*D (मि.* मि.* मि)

२.५.संकलन/उत्खनन गरिने परिमाणबाट प्राप्त हुने राजस्व/कर(Revenue collection fromsite):

एउटा नदिबाट दैनिक अधिकतम ३०० घन मिटरसम्म उत्खनन तथा संकलन गर्न सकिने र वर्ष भरी नौ महिना (२७० दिन असोज देखि जेठ सम्म) गर्न सकिने आधारमा प्रत्येक नदीबाट अधिकतम ३०० * २७० = ८१,००० घन मिटर निकाल्न सकिन्छ ।

२.६ संकलन स्थल र परिमाण

यस क्षेत्रबाट निकाल्न सकिने ढुङ्गा, गिट्टी, बालुवाको परिमाण तलको तालिकामा स्पष्ट पारिएको छ । संकलन स्थान महेन्द्र राजमार्गको कमला नदिको पुल देखि ९४५ मिटर तल देखि १३७१ मिटर तल र नदिको बीच भागमा थुप्रिएको नदिजन्य पदार्थ नदीको बहाब परिवर्तन नहुने गरी उत्खनन गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

DHANUSH Multipurpose Pvt.Ltd

तालीका २.२: संकलनस्थल र परिमाण

क्षेत्र नं.	ठेगाना	अक्षांश	देशान्तर	उत्खनन योग्य क्षेत्रको औसत लम्बाई मि	उत्खनन योग्य क्षेत्रको औसत चौडाई मि	उत्खनन योग्य क्षेत्रफल (मि x मि)	गहिराई (मि)	आयतन (घन मी.)	उत्खनन गर्न सकिने गहिराई	दिगो सङकलन तथा उत्खनन् आयातन (घ.मि)
कमला खोला										
कमला खोला १	वडा न ३ को तोकिएको क्षेत्र	26°52'7.22"N	86° 8'32.11"E	४२६.	२०३	८९०७३.	१.५	१३३६०९.५	०.९	८०१६५.७
जम्मा								१३३६०९.५		८०१६५.७

DHANUSH Multipurpose Pvt.Ltd.

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

नगर कार्यपालिकाको कार्यालय
धनुषा जिल्ला

अध्याय: तिन

अध्ययन विधि(Methods adopted during study):

यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन, वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ (संशोधन सहित) मा व्यबस्था भएका प्रक्रियाहरु अनुसरण गरि अध्ययन गरिएको छ । जस अनुसार सर्वप्रथम प्राथमिक तथा द्वितीय तथ्याङ्क तथा संकलन, उत्खनन क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरु त्था नगरपालिकालाई प्रस्तावको जानकारी तथा लक्षितवर्ग सग छलफल आदि सम्पन्न गरियो । स्थलगत भ्रमण तथा अवलोकनबाट प्राथमिक स्तरका भौतिक तथा जैविक वातावरणीय जानकारी संकलन गरियो भने सामाजिक आर्थिक जानकारी राष्ट्रिय जनगणना २०७८ बाट साभार गरिएको छ ।

३.१. प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्को पुनरावलोकन एवं संश्लेषण (Review and Synthesis ofSecondary Information and Data):

(क) अध्ययन तथा सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन

प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक पर्ने द्वितीय क्रमका जानकारीहरु विभिन्न उपलब्ध प्रतिवेदनहरुबाट साभार गरियो । सामाजिक आर्थिक जानकारीहरु राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त गरियो । सन्दर्भ सामग्रीको हकमा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७, राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०, वन पैदावार विक्री वितरण कार्यविधि निर्देशिका आदि संकलन गरि अध्ययन गरिएको थियो ।

(ख) नक्शाहरुको अध्ययन :

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था कमला नदीको अवस्थितिका साथै वन तथा वातावरणको जानकारी हासिल गर्नका लागि नापी विभागबाट प्रकाशित टोपो नक्शा र उपलब्ध सन्दर्भ सामग्रीहरु समेत अध्ययन गरी विवरणहरुको जानकारी लिईएको थियो ।

३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण (Field Survey and Site investigation):

स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरु हासिल गर्नका लागि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धि आवश्यक सम्पुर्ण बुंदाहरु समाविष्ट हुने गरी आवश्यकतानूसार चेकलिष्टहरु निर्माण गरियो । स्वीकृत कार्यसूचीमा निर्दिष्ट गरिएका प्रभाव क्षेत्रहरुमा अध्ययन टोलीले निरिक्षण गरि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धी जानकारी हासिल गरिएको थियो ।

(क) भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्य

उपरोक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरु मध्ये केहि महत्वपूर्ण स्थानहरुको नमूना क्षेत्रहरुको छनौट गरी तीस्थानहरुको सर्भेक्षण गरिएको थियो । यसरी अध्ययन गर्न भ्रमण गर्ने क्रममा स्थानीय जनताहरु र वन उपभोक्तासमूहहरु सँग त्यस क्षेत्रको माटो, बालुवा, चट्टान, जलाधार क्षेत्र, भूक्षय हुने क्षेत्र, खोलानाला़मा पानीको अबस्था,आदि बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा जानकारीसंकलन गर्ने कार्य गरिएको थियो ।

(ख) जैबिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्य

वनको किसिम, अबस्था, रुख तथा जीवजन्तुहरुको प्रजाती आदि बारे जानकारी समेटिनुका साथै स्थानीय बासिन्दाहरुको भनाई बमोजिम वन्यजन्तु तथा पशुपंक्षीबारे टिपोट गरिएको थियो । माछाबारे जानकारी लिन खोला नाला तथा देखिएका ताल पोखरीमा भेटिएकासाथै माछा मार्ने स्थानीय व्यक्तिहरुबाट जानकारी संकलनगर्नुका साथै सोको नाम र प्रकृति समेतको अध्ययनगरिएको थियो । प्रस्ताब कार्यान्वयन हुने वन क्षेत्रहरुमा पाईने र आवत जावत गर्ने खासगरी स्तनधारी चरा रघस्रने प्रजातीका वन्यजन्तुको बारेमा थप जानकारी लिन स्थानीय जनताहरुसँग सोधपुछ गरिएको थियो । उपरोक्त

प्रमुख प्रशासकिय अधिकृत

जैविक वातावरणबारे जानकारी लिने क्रममा तोकिएका स्थानहरुमा स्थलगत भ्रमण गरी विवरण संकलनगर्ने कार्यगरिएको थियो ।

(ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क संकलनकार्य

यसको लागि खासगरी स्थलगत रुपमा ग्रामीण लेखाजोखा विधिको प्रयोग गरिएको थियो । विभिन्न जाती, धर्म,पेशा, वर्ग आदिको प्रतिनिधित्व हुने गरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा सास्कृतिक वातावरणसम्वन्धी जानकारी संकलन गरिएको थियो ।अन्य जानकारी उपलब्ध गर्नका लागि जानकार व्यक्तिहरुसँग भेटघाट गरिएको थियो । रिती, रिवाज साँस्कृतिकसम्पदाहरु जस्तै मठ, मन्दिर, पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण र मन्दिरहरुका पुजारी, सन्त, महन्त लगायतका जानकार व्यक्तिहरुसँगको छलफल समेत बाट जानकारी संकलन गर्ने कार्य गरी सामाजिक आर्थिकतथा साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावका बारेमा जानकारी हासिल गरिएको थियो ।

३.३. सार्वजनिक सूचना एवं सिफारिस पत्रहरु (Public Notice andRecommendation Letters):

सर्वसाधारणलाई प्रस्ताव सम्वन्धी जानकारी प्रदान गर्ने हेतुले कर्जन्हा नगरपालिका को कार्यालय, कर्जन्हाले मिथिला रत्न दैनिकमा २०८१/०९/१२ सार्वजनिक सूचना प्रकाशित गरेको थियो । उक्त सार्वजनिक सूचना प्रकाशित गर्नुको मूख्य उद्देश्य स्थानीय वासिन्दाहरुको प्रस्ताव प्रतिको धारणा तथा राय सुझाव संकलन गर्नु थियो । उक्त सूचना बमोजिम नै २०८१/०९ /१९ गते गणेशमान चारनाथको वडा न ७ स्थित पोर्ताहाको क्वारेंन्टाईन हलमा बिहानको ९ बजे र २०८१/०९/२० गते कर्जन्हा न. पा. -२ स्थित फूलकुमारी महतो मा.वि. को प्रांगणमा दिनको १० बजे सार्वजनिक सुनवाई कार्यक्रममा रायसुझाव हरु लिईयो र साथै विभन्न संघ संस्था बाट सिफारिस पत्र हरु पनि संकलन गरियो ।

३.४. तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान/अनुमान/मुल्याङ्कन, प्रभाव न्युनिकरण विधिहरुको पहिचानसुझाव एवं प्रतिवेदन तयारी (Data Analysis, Identification/Prediction/Evaluation of Impacts, Identification / Suggestion of Mitigation Measures and Reporting):

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको बिश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई सँक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राखी प्रतिबेदनको उपयुक्त भागमा समावेश गरिएको छ। तसर्थ प्राप्त जानकारीहरुबाट (सन्दर्भ सामाग्री तथा फिल्डको अनुगमन पुनरावलोकन बाट प्राप्त) प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैविक, भौतिक, सामाजिक आर्थिक गरी तीन शिर्षक अन्तर्गत छुट्याई प्रभाव अनुमान तथा मूल्याङ्कन गरियो । यसरी प्रभाव मुल्याङ्कन गर्दा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० अनुरुप प्रभावहरुलाई त्यसको प्रकृति, आकार, विस्तार र अवधि **(Nature, Magnitude, Extent and Duration)**मा वर्गीकरण गरि मूल्याङ्कन गरिएको थियो । तत्पश्चात प्रभावहरुलाई न्यूनिकरण गर्न मितव्ययी तथा व्यवहारिक उपायहरुको पहिचान गरि यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

अध्याय : चार

विद्यमान ऐन नियम, नीति, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन (Review of Legislation, Policies, Laws and Guidelines)

ढुङ्गा, गिट्टी, बालुवा (श्रोत) संकलनको वातारणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि तथा सो प्रस्ताव कार्यान्यवन गर्नका निमित्त सो सम्बन्धि प्रचलित ऐन कानुन तथा नियमका बारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ। वातावरणमा पर्नसक्ने असरका बारेमा अत्यन्त सचेत रहँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत विभिन्न बहस तथा साझा योजना र नीतिहरु माथि एक्येबद्धता जाहेर हुँदै आइरहेको परिप्रेक्ष्यमा वन, वन्यजन्तु लगायत वातारणका सबै अवयवहरुको वैज्ञानीक ढंगले संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्नका लागि पनि यस्ता ऐन कानुन सम्बन्धि जानकारी हुनु पर्ने र त्यस सम्बन्धित नीति नियमहरुले निर्देश गरे बमोजिम प्रस्ताव कार्यान्वयन गर्नु जरुरी छ।

४.१ नेपालको संविधान

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने हक हुनेछ भनी धारा ३० अन्तर्गत स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। त्यस्तै धारा ५१ को उपधारा छमा राज्यका नीतिहरु अन्तर्गत प्राकृतिक श्रोतको संरक्षण, संवर्धन र उपयोगको सम्बन्धमा बिभिन्न नीतिहरु अवलम्बन यस संविधानले गरेको छ। उपधारा छ(१) अनुसार राष्ट्रिय हित अनुकूल तथा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ। उपधारा छ(४) अनुसार राज्यले जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति लिएको छ। उपधारा छ(५) अनुसार जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग लाई राज्यले प्राथामिकता दिनेछ। प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले लिएको छ।

यस्तै, प्रस्तावनाको कार्यान्वयनमा वातावरणीय अध्ययन गर्नु गराउनु संविधानले परिकल्पित प्रकृति र प्राकृतिक श्रोतको संरक्षण तथा संम्बर्द्धनको सुनिश्चित गराउने सिद्ध कार्यविधि हो।

४.२ नीतिहरु (Policies)

वातावरण सम्बन्धी नीति

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वातावरणमा पर्न सक्ने असरहरुलाई ध्यानमा राखि छैटौं योजना अवधि (२०३७-२०४२) देखि नै वातावरण संरक्षणमा सजगता देखाउँदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो। यो नीतिलाई सातौं योजना अवधिमा (२०४२-२०४७) केही विस्तार गरि ठूला आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा वातावरणीय अध्ययनको आवश्यकतामा जोड दिइएको थियो। आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्दति स्थापनाको सोच राख्दै सडक, जलविद्युत, उद्योग, सिंचाई, खानेपानी तथा ढलनिकास जस्ता ठूला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नुपर्नेमा जोड दियो। यो योजनाले आयोजनाको सम्भाव्यता अध्ययनकै क्रममा वातावरणीय अध्ययन अनिवार्य बनायो। नवौं योजना (२०५४-२०६४) ले उक्त नीतिलाई निरन्तरता दिदै वातावरणीय अध्ययन प्रकृयालाई सहभागितात्मक बनाई स्थानीयस्तर देखि नै आर्थिक योजना तथा विकास कार्यमा प्रभावकारी समायोजनलाई जोड दिएको थियो। दशौं योजना (२०५९-२०६४) ले उल्लेखित नीतिलाई अझ सुदृढ पारी विस्तार गर्दै लैजाने क्रममा सवैजसो विकास आयोजना तथा कार्यक्रम सञ्चालनपुर्व वातावरणीय अध्ययन अनिवार्य गर्नुका साथै यस्ता आयोजनाको कार्यान्वयन स्थितिको नियमित अनुगमनलाई प्रभावकारी बनाउने कुरामा जोड दिएको छ। विद्यमा चौधौं त्रिवर्षीय योजनाले समेत वातावरणीय पक्षलाई थप जोड दिएको पाइन्छ।

प्रमुख प्रशासकिय अधिकृत

नगरपालिका
मधेश प्रदेश, नेपाल

वन सम्बन्धी नीति

दिर्घकालीन उद्देश्य अन्तर्गत जनसाधारणको आधारभुत आवश्यकता काठ, दाउरा, डालेघाँस र अन्य वनपैदावार सहजरुपमा उपलब्ध गराउने, पारिस्थितिकीय प्रणाली र वंशाणु श्रोतको संरक्षण, वन व्यवस्थापन र वनपैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने रोजगारी तथा आयश्रोतको अवसर तयार गर्ने रहेको छ । यसका प्राथमिकता प्राप्त कार्यक्रमहरुमा सामुदायिक वन तथा निजी वन, राष्ट्रिय वन तथा कबुलियती वनका अतिरिक्त वन पैदावारमा आधारित उद्योग, लघु वनपैदावार विकास र व्यवस्थापन, भू- तथा जलाधार संरक्षण तथा पारिस्थितिकीय प्रणाली र वंशाणु श्रोत संरक्षण रहेको देखिन्छ । नेपाल सरकारको वन क्षेत्रको कार्यान्वयन व्यवस्थाको रुपमा गैह्रकाष्ठ वनपैदावार एवं औषधीजन्य वनस्पतिको संरक्षण व्यवस्थापन र खेती शुरु गर्ने तथा जैविक विविधता पञ्जिकरण आदि कुरालाई उठाइएको छ भने यसलाई प्रमुख कार्यनीतिका रुपमा अगाडी बढाइएको छ ।

सहश्राब्दी विकास लक्षका आठ लक्ष्य मध्ये वातावरणीय दिगोपनलाई सुनिश्चित गर्ने र चरम गरीबि उन्मुलन भनि जिविकोपार्जन र वातावरण सन्तुलनलाई जोड दिईएको छ । चालु तेह्रौं त्रिवर्षीय योजना अन्तर्गत गरिवी निवारण र वनको दिगो संरक्षणलाई अङ्गिकार गरेको पाइन्छ । यसैले विद्यमान नीतिले काष्ठ तथा गैह्रकाष्ठ वनपैदावारको संरक्षण र व्यवस्थापनमा जोड दिएको छ ।

४.३ ऐन तथा नियमावली (Acts and Rules)

वातावरण सम्बन्धी ऐन तथा नियमावली

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्न वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ लागु गरिएको छ । सो ऐनको दफा ३ र ४ मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने र त्यस्तो प्रस्ताव सम्बन्धित निकायबाट स्वीकृत नगराई कार्यन्वयन गराउन नहूने व्यवस्था समेत गरको थियो भने सर्वोच्च अदालतबाट समेत निर्देशनात्मक आदेश जारी भएको छ । वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ अनूसूची १ बमोजिम नदीको तटीय क्षेत्रबाट ढुङ्गा, गिटी तथा बालुवा संकलन गर्नुपरेमा दैनिक ३०० घ.मि. सम्मका उत्खनन तथा संकलन गर्नुपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको थियो । सोही नियमावलीको परिच्छेद २ मा प्रारम्भिक वतावरणीय परीक्षण गर्दा अपनाउनुपर्ने चरणबद्ध प्रकृयाहरुको उल्लेख गरिएको छ जसमा अन्य व्यवस्थाका अतिरिक्त प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपुर्व सम्बन्धित निकायबाट कार्यसूची स्वीकृत गराउनुपर्ने प्रावधान समेत रहेको छ । र उक्त ऐन, संसोधन भएपछि विकास आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारणा अनुरुप नेपाल सरकारद्वारा वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ जारी भै सकेको छ । उक्त ऐन अनुसार प्रारम्भिक वातावरणीय परीक्षण/वातावरण प्रभाव मुल्यांकन (IEE र EIA) गर्नु पर्ने प्रस्तावहरू र प्रस्ताव स्विकृत नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था गरिनुका साथै यस प्रस्ताव सन्दर्भमा वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूची २ को ग (७) मा नदीनालाको सतहबाट दैनिक १०० देखि ३०० घन मिटर सम्म ढुङ्गा, बालुवा, ग्राभेल तथा माटो निकाल्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको छ । सोही नियमावलीको परिच्छेद २ नियम ७ सँग सम्बन्धित अनुसूची ११ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू उल्लेख गरिएको छ । उक्त नियमावलीमा अन्य व्यवस्थाका अतिरिक्त प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पूर्व सम्बन्धित निकायबाट सोको कार्यसूची स्वीकृत गराउनुपर्ने प्रावधान समेत रहेको छ ।

वन सम्बन्धी ऐन तथा नियमावली

वन जंगलको संरक्षण गरी वातावरणको प्रवर्द्धन गर्न र वनपैदावारको समुचित सदुपयोग गरी जनताको आधारभुत आवश्यकता परिपुर्ति गर्न नेपाल सरकारले वन ऐन, २०४९ र वन नियमावली, २०५१ लागु गरेको छ । वन ऐन, २०४९ को परिच्छेद ३ को दफा २० र २१ मा सरकारद्धारा व्यवस्थित वनको दिगो व्यवस्थापनका लागि कार्ययोजना तयार गरी

DHANUSH
प्रमुख प्रशासकिय अधिकृत

स्वीकृत हुनुपर्ने तथा कार्ययोजनाले निर्दिष्ट गरेका बाहेक अन्य कूनै पनि कार्य गर्न गराउन नपाइने कानुनी प्रावधान रहेको छ । सोही ऐनको दफा २२ मा सरकारद्धारा व्यवस्थित वनको वनपैदावारको स्वामित्व तथा बिक्री वितरण गर्ने व्यवस्था भएको पाइन्छ । वन ऐन, २०४९ का उपयूक्त दफाहरुलाई वन नियमावली, २०५१ को परिच्छेद २ को नियम ५ देखी १६ ले प्रष्ट पारेको छ । जसमा वनपैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिक्री व्यवस्था, निकासी गर्ने अवधि तथा कस्तो अवस्थामा वनपैदावार संकलन र बिक्री गर्न नपाइने आदि उल्लेख गरिएको छ ।

यसका अतिरिक्त वन ऐन, २०४९ को परिच्छेद १३ को दफा ६८ ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै वन नियमावलीको नियम ६५ ले त्यस्तो आयोजना संचालन गर्दा कंसैलाई हानी नोक्सानी पुग्न गएमा सम्बन्धीत आयोजनाले नै क्षतिपुर्ति दिनुपर्ने प्रावधान गरी जनसाधारणको मौलीक हकको सुरक्षाको प्रत्याभूती दिएको छ ।

वन्यजन्तु तथा जलचर संरक्षण सम्बन्धी ऐन तथा नियमावली

दुर्लभ वन्यजन्तुहरुको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लागु भएको छ । यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाइने २७ प्रजातिका स्तनधारी, ९ प्रजातिका पक्षी र ३ प्रजातिका सरीसृपलाई संरक्षित वन्यजन्तुको दर्जा दिई ती वन्यजन्तुलाई मार्न पक्रन वा लखेट्न वा अन्य कुनै किसिमले हानि नोक्सानी पुऱ्याउन निषेध गरको छ । यस अन्तर्गत लागु गरिएको कानून सम्पुर्ण किसिमको वन क्षेत्र वा नेपाल अधिराज्य भर लागु भएको छ । जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५को मुख्य उद्देश्य नेपाल अधिराज्य भित्रका सतही वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेका जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्ने एवं जलश्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्ता उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदूषण मुक्त राख्ने रहेको छ ।

जलश्रोत ऐन सम्बन्धि ऐन तथा नियमहरु

१०) माछा एवं अन्य जलचरमा पर्ने प्रभाव

- कामदारहरुबाट माछा मार्ने कार्य वन्देज गर्ने ।
- ढुवानीका लागि प्रयोगमा आउने सवारी साधन खोलामा पस्न निषेध गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

तालिका ८.१: सकारात्मक प्रभावको बढोत्तरीकरणका लागि म्याट्रिक्स

क. स	सकारात्मक प्रभावहरु	सम्वन्धितसकारात्मक असरहरु	प्रभाव वढाउने उपाय	उपायकार्यान्वयन गर्नलाग्ने खर्च (ने.रु.) (वार्षिक)	जिम्मेवारी
१)	आयश्रोत र जनसहभागीतामा वृद्धि	सहकारी समूहहरुको विकास	• अनिवार्य रुपमा स्थनिय पिछाडिएका जनसमुदायहरुलाई कामदारका रुपमा लगाईने व्यवस्था गर्ने र तिनीहरुलाई आवस्यकता अनुसार तालिमको व्यवस्था गर्ने ।		न .पा.
२)	जलउत्पन्न प्रकोप घट्छ	खोलाहरुले बगाएर ल्याएका सामग्रीहरुले नदीको बहाव प्रक्रियामा रोकावट भई खोलाले कटान गर्ने गरेको मा ती श्रोत बस्तुहरु संकलन गर्दा सावि क खोलाहरुको बहावमा अवरोध नहुने	• संकलन कार्य गर्दा नदीको वहावलाई विचमा केन्द्रित हुने गरी गर्ने । • नदी आफ्नो मुल वहावमा बग्ने गरी संकलन कार्य गर्ने। • निश्चित मात्रामा कामदार लगाईने र तिनीहरुलाई तालिमको व्यवस्था गर्ने । • तोकिएको मौज्दात परिमाण मात्र संकलन गर्ने जानकारी दिन प्रत्येक संकलन क्षेत्रहरुमा दैनिक संकलन मौज्दात, वार्षिक संकलन दिन तथा समय स्पष्ट उल्लेख हुने गरि होर्डिङ्ग वोर्ड को व्यवस्था गर्ने ।	५०,०००	न.पा.
३)	पहुच मार्गको स्तरोन्नति तथा निर्माण	स्थानीय समुदायलाई आवत जावतमा सहज हुने ।	• प्रस्ताव कार्यान्वयन पूर्व पहुचमार्गको स्तरोन्नति तथा निर्माण कार्य • पहुचमार्ग नक्सामा देखाइएको छ ।	५०,०००	न.पा.
४)	विकास निर्माण सामाग्रीको उपलव्धता	शहरीकरणलाई टेवा पुग्ने,स्थानीय विकास, निर्माणका काममा परनिर्भरता घट्ने ।	• मापदण्ड, निर्देशन अनुसार ठेक्का दिने र नियमित अनुगमन गर्ने		न.पा.
५)	न.पा.को आयश्रोत वढ्छ	न.पा.लाई वजेट विनियोजनमा केही मात्रामा सहज हुने र ना.पा.को आयश्रोत समेत वढ्नाले स्थानिय विकास निर्माण कार्य वढ्ने ।	• मापदण्ड, निर्देशन अनुसार ठेक्का दिने र नियमित अनुगमन गर्ने ।		न.पा.

तालिका ८.२: नकारात्मक प्रभावको न्यूनिकरणका लागि म्याट्रिक्स

क. स	नकारात्मक प्रभावहरु	सम्वन्धितनकारात्मक असरहरु	न्युनिकरण गर्ने उपायहरु	उपायकार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.)(वार्षिक)	जिम्मेवारी
१)	भौतिक संरचनामा नकारात्मक असर हुने	संरचना भत्कन गई मूख्य सडक अवरोध हुन सक्ने, धनजनको क्षति हुन सक्ने ।	• नदीको किनारमा बँनेका भौतिक सरचनाहरु नजिक संकलन कार्यलाई निर्उत्साहित गरि तोकिएको क्षेत्रवाट मात्र संकलन गर्ने । • पक्की पुलको हकमा तलमाथि दुबै तर्फ कम्तिमा ५०० मी. को दूरीमा संकलन कार्य पूर्ण रुपले निषेधित गर्ने • ढुवानीका लागि न.पा.ले तोकिदिएको (संकलनकर्ता संग ठेक्का संझौतामा समावेश गर्ने) सडकहरुबाट मात्रगर्ने । • गल्छीहरु बन्न नदिन नदीको पानी वगे को सतह भन्दा मुनि संकलन उत्खनन कार्य नगर्ने ।		न.पा.
२)	भिरालोपन अस्थिरता	भिरालो जमिनमा भुक्षय तथा पहिरो जान सक्ने सम्भावना	• भुक्षय हुन सक्ने स्थानमा तारजाली अथवा बांध लगाई जमिनको सुरक्षा गर्ने का साथै उचित निरिक्षण गर्ने • Rivertraining तथा Bioengineering प्रविधिको उपयोग	५०,००००	न.पा.
३)	धुलोपन एवं ध्वनी प्रदुषण वढछ	स्थानिय जनसमुदायलाई नाक, कान, घाँटीको समस्या	• ढुवानी गर्दा प्रयोगगर्ने कच्चि वाटो समय समयमा पानीले भिजाउने • विद्यालय जस्ता संवेदनशील क्षेत्रमा हर्न वजाउन निषेधित गर्ने • ढुवानी गर्दा संकलित श्रोतवस्तुलाई पूर्ण रुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने ।	२००००	ठेकेदार
४)	संकलन/उत्खनन सामाग्रीको भण्डारणको प्रभाव	धुलो निम्त्याउने तथावर्षा हुँदा नजिकका खेतीयोग्य जमीनमायस्ता वस्तुहरुवगेरगई असर निम्त्याउने ।	• थेग्रिएका बस्तुहरु खोलाको छेउँछाउँथुपार्न निषेध गर्ने । • निजी जग्गा प्रयोग गर्दा क्षतिपूर्ति दिनु पर्ने।		ठेकेदार
५)	फोहरमैला एवं खेरजाने सामग्री	रोग लाग्न सक्ने	• सरोकारवाला तथा कामदारको वातावरणिय सचेतना वृद्धि तालिम गर्ने । • कामदारहरुलाई स्रोत संरक्षण सम्वन्धी तालिम गर्ने ।	४०,०००	न.पा.

DHANUSH Multipurpose Pvt. Ltd
प्रमुख प्रशासकिय अधिकृत

क. स	नकारात्मक प्रभावहरु	सम्वन्धितनकारात्मक असरहरु	न्युनिकरण गर्ने उपायहरु	उपायकार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.)(वार्षिक)	जिम्मेवारी
			• स्रोत संकलन गरिसकेपछि उत्पादन भएका खेर जाने सामग्री जस्तै अनुपयोगी संकलित बस्तु, धुलो, गेग्रानहरुलाई खाल्टा खाल्टी पुर्ने, पहुच मार्गहरुको मर्मतमा सम्याउने आदि कार्यमाप्रयोग गर्ने गरि तह लगाउने ।		
६)	पानी तथा सरसफाई	पानी धमिलो हुनाले खोलाको पानीमा आश्रित जनसमुदायलाई सरसफाईमा समस्या ।	• संकलन कार्य गर्दा स्थानिय बासिन्दाको सहभागिता लाई प्रोत्साहन दिने । • खुल्ला रुपमा दिशा गर्न निरुत्साहित गर्ने । • शौचालय प्रयोग गर्न प्रोत्साहन गर्ने । • कामदारहरुद्धारा खेर छाडिएका फोहरहरुको उचित व्यवस्थापन गर्ने ।	१००००	न.पा.
७)	जग्गा उपयोगमा फरक	स्थानिय प्रसासन र जनसमुदाय वीच असमझदारी	• नदी नियन्त्रण सम्बन्धी योजना कार्यान्वयन गर्ने । • नदी नियन्त्रण गर्न आवश्यक परेमा ग्याबियन वालहरु निर्माण गर्ने ।		न.पा.
८)	नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण	जलउत्पन्न प्रकोपको सम्भाव्यता	• स्थायी घर तथा टहरा निमार्ण गर्न वैद्यानिक निषेघ गर्ने । • नियम कानुन मिचेमा सजाय दिने । • अस्थायी टहराहरु कार्य समापन पछि हटाउन ।		न.पा.
९)	माछा एवं अन्य जलचरमा पर्ने प्रभाव	माछा एवं अन्य जलचर वासस्थानमा खासै असर नदेखिने	• कमला खोला बर्ष भरि बग्ने भएकाले तोकिएको उत्खनन् समयमा माछा एवं अन्य जलचरमा प्रभाव पर्ने देखिदैन ।		न.पा.
१०)	वन्यजन्तु एव वनपैदावरको गैरकानुनी व्यापार	दुर्लभ वन्यजन्तु तथा बिरुवाहरुमा लोप पनि हुनसक्ने खतरा	• शिकार सम्वन्धि कानुनी कार्वाहीको वारेमा सचेत गर्ने । • समय समयमा अनुगमन गर्ने । • रातिको समयमा सँकलन तथा उत्खनन कार्यमा प्रतिबन्ध लगाउने • वनजन्य उत्पादनको ओसारपसार रोक्न नियमीत रुपमा ढुवानी गर्ने साधनको जाचँगर्ने ।	४०,०००	न.पा.
११)	वन्यजन्तु गैरकानुनी सिकारको सम्भवाना छ	वन्यजन्तुको संख्यामा कमी	• वन्यजन्तुको शिकार गर्नु, मार्नु तथा अरु कुनै प्रकारका कार्यलाई बैद्यानीक रुपले प्रतिबन्ध लगाउने, • अभिमुखीकरण तालिमको व्यवस्था गर्ने समय समयमा अनुगमन गर्ने ।	४०,०००	न.पा.

DHANUSH Multipurpose Pvt. Ltd

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

क. स	नकारात्मक प्रभावहरु	सम्वन्धितनकारात्मक असरहरु	न्युनिकरण गर्ने उपायहरु	उपायकार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.)(वार्षिक)	जिम्मेवारी
१२)	इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट	लुब्रिकेन्ट्स र ग्रिज़ले गर्दा प्रदुशषण हुने ।	• इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रशायनहरुको प्रयोग गर्दा सावधानी अपनाउने र यसको भण्डारण गर्ने । • अति आवश्यक क्षणमा मात्र खोला किनारमा मर्मत तथा संभार गर्ने ।		न.पा.
१३)	धुलो एवं धुवा उत्सर्जन	स्थानियजन समुदायलाई नाक,कान, घाँटी को समस्या	• ढुवानी गर्दा प्रयोग गर्ने कच्चिबाटो समय समयमा पानीले भिजाउने हर्नको प्रयोग कमगर्ने । • ढुवानी गर्दा पैदावारहरुलाई पूर्ण रुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने ।		न.पा.
१४)	प्रभावित क्षेत्र संवेदनशील क्षेत्र भित्र पर्ने र त्यहाँ fragile soil हुने भएकाले सानो क्रियाकलापबाट पनि माटोमा प्रभाव पर्छ	भूक्षयको सम्भावना बढेर जान्छ	• बायो इन्जिनियरिंगका उपायहरु अपनाउने, जस्तै यस क्षेत्रमा बाँस वृक्षारोपन • आगलागी तथा चरिचरण नियन्त्रण गर्ने	५०,०००	न.पा.

DHANUSH Multipurpose Pvt.Ltd

वातावरण संरक्षण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विरेन्द्रबजार, धनुषा जिल्ला मधेश प्रदेश, नेपाल

धनुषा गाउपालिका अधिकृत

CamScanner

अध्याय : नौ

वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan)

कुनै पनि योजना निर्माण वा संचालन गर्दा यसका गतिविधिहरु बाट वातावरणमा पर्न सक्ने असर र त्यसलाइ न्यूनिकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजनालाई वातावरण व्यवस्थापन योजना भनिन्छ । यस आयोजना संचालन पूर्व र संचालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरु तथा ध्यान पुऱ्याउनु पर्ने वातावरणीय सवाल, आयोजना लाभ वृद्धिका उपायहरु, नकरात्मक प्रभाव न्यूनिकरणका उपायहरु, त्यसका कार्यान्वयन तथावातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकारात्मक प्रभाव न्यूनिकरण लागतसमेत समावेश हुने गरि वातावणीय व्यवस्थापन योजना तयार पारिएको छ ।

९.१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु :

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएको कुराहरुको कार्यान्वयन तथा पालना भए नभएको सम्बन्धमा र प्रभावन्यूनीकरणका उपायहरु अवलम्बन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० र वातावरण संरक्षण नियमावली २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ र सो कार्यका लागी प्रस्तावक नै जिम्मेवार रहने छ ।वातावरणीय व्यवस्थापनका लागि जिम्मेवारनिकायहरुनिम्न उल्लेख गरिए बमोजिम हुनेछन ।

९.१.१ स्थानीय निकाय, कर्जन्हा नगरपालिका

कमला नदी/खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन/उत्खनन् र ढुवानी गर्न स्वीकृति प्रदान गर्ने संस्था कर्जन्हा नगरपालिका हो । नदी/खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन कार्यको कार्यान्वयनको साथसाथै वातावरणीय व्यवस्थापन योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मा नयाँ संविधान अनुसार स्थानीय निकाय (नगरपालिका) जिल्लाको सबैभन्दा उच्च संस्था हो । ढुंगा, गिट्टी, बालुवा संकलन/उत्खनन् सम्बन्धी योजना र नीतिहरु आफनो अनूकुल बनाई कार्यान्वयन गर्नु र योजना र नीतिहरु अनुरुप वातावरणीय व्यवस्थापन र अनुगमन गर्नु नगरपालिकाको दायित्व भित्र पर्दछ ।

९.१.२ जिल्ला अनुगमन तथा समन्वय समिति

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिले नदी/खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन/उत्खनन् गर्दा पर्ने अनुकुल तथा प्रतिकुल प्रभावहरुको नियमित अनुगमन गर्नेछ । साथै यस समितिले स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै आवश्यक निर्णय गरी संकलन/उत्खनन् गर्ने समयावधि र महिनाको साथै परिमाण र विधि समेत हेरफेर गर्न सक्ने छ । यस समितिमा जिल्ला स्थित सरोकारवाला विषयगत कार्यालय तथा विशेषज्ञहरु समेत रहनेछन् ।

९.१.३ जिल्ला वन कार्यालय, सिरहा

जिल्ला वन कार्यालयको वन क्षेत्र भित्र पर्ने नदी, खोलाहरुवाट ढुंगा, गिट्टी, वालुवा संकलन/उत्खनन् कार्यको स्वीकृत दिन सक्ने आधिकारीक संस्था जिल्ला वन कार्यालय पनि हो । जिल्ला भित्रवाट वग्ने खोलाहरुको किनारवाट, वन क्षेत्रभित्र पर्ने घाटहरुवाट ढुंगा, गिट्टी, वालुवा संकलन कार्य जिल्ला वन कार्यालय र जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाईन्छ । त्यसकारण नदी खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन/उत्खनन् कार्यको वातावरणीय व्यवस्थापनका लागि यस कार्यालयको समन्वयकारी जिम्मेबारी हुन्छ ।

९.१.४ नगरपालिका तथा स्थानिय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु

.पा.तथा विभिन्न स्थानीय क्लवहरु, गैह सरकारी संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु आदि संघसंस्थाहरुले गा, गिट्टी, वालुवा संकलन, ढुवानी कार्य र वातावरण संरक्षणमा अगुवाका रुपमा भूमिका खेल्न सक्नेछन् । यस्ता

प्रमुख प्रशासकिय अधिकृत

संस्थाहरु नदी खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन / उत्खनन गर्दा परिरहेको प्रतिकुल प्रभावहरुको नियमित अनुगमन र सुचना प्रवाह गरि वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार हुन्छन् ।

९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० ले अवस्था अनुसार आधार रेखा अनुगमन (Baseline Monitoring),नियमपालन अनुगमन (Compliance Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring)गरी ३ प्रकारका अनुगमन हुन सक्ने कुरा औल्यांईएको छ । यसढुङ्गा, गिट्टी, बालुवा आदि संकलन कार्यको अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका निम्नानुसार रहेको छ ।

तालिका ९.१ : प्रभाव क्षेत्रहरुको अनुगमन, सुचक, तरिका तथा समय तालिका

क.स.	विषय वस्तु	सुचक	तरिका/विधि	समय तालीका	कुल रकम	जिम्मेवारी
आधार रेखा अनुगमन(Baseline monitoring)						
१)	खोला किनारको अवस्था	नदी, खोला किनारको उत्खनन् स्थानहरु	स्थलगत निरिक्षण	प्रत्येक ३ महिनामा	४०,०००	न.पा.
२)	खोलाको भिरको अवस्था	नदीको धार परिवर्तन	स्थलगत निरिक्षण, स्थानीयवासीसँग छलफल	प्रत्येक ६ महिनामा	३०,०००	न.पा..
नियमपालन अनुगमन(Compliance monitoring)						
१)	सिफारिस गरिएका न्यूनीकरणका कार्य भए नभएको	उत्खनन् कार्य तोकिएको स्थानर मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने	स्थलगत निरिक्षण	प्रत्येक २ महिनामा	३०,०००	न.पा./ठेकेदार
२)	संकलन सम्वन्धी तालिम भए वा नभएका	संकलन सम्वन्धी तरिका हेर्ने	स्थलगत निरिक्षण	वार्षिक	२०,०००	न.पा. /ठेकेदार
३)	संकलन ईजाजत अनुसार काम भए नभएको	परिचय पत्र, चलानी पूर्जि आदि	स्थलगत निरिक्षण र चलानी पूर्जि आदि	वार्षिक	२०,०००	न.पा. /ठेकेदार
४)	जनचेतना अभिवृद्धि कार्य भए नभएको	स्थानीय जनताहरुमा भएको जानकारी	छलफल	वार्षिक	२०,०००	न.पा. /ठेकेदार
५)	सुरक्षा, स्वास्थ्य	आधुनिक औजारको प्रयोग, विरामी रेकर्ड र सोधपुछ	स्थलगत निरिक्षण	६।६ महिनामा	२०,०००	न.पा. /ठेकेदार
६)	तोकिएको परिमाण वा बढी संकलन गरेको वा नगरेको	संकलन तथा उत्खनन भएको पैदावारको निरिक्षण	संकलित श्रोत जांच र स्थलगत निरिक्षण	प्रत्येक महिनामा	९०,०००	न.पा. /ठेकेदार
७)	संवेदनशील स्थानमा संकलनकार्य भए नभएको	संवेदनशील क्षेत्रको विवरण	स्थलगत निरिक्षण	६।६ महिनामा	२०,०००	न.पा. /ठेकेदार
प्रभाव अनुगमन (Impact monitoring)						
१)	भू.संरक्षण कार्य गरे नगरेको	गल्छी निर्माण, छेकवाँध, ब्राटो	स्थलगत निरिक्षण	प्रत्येक २ महिना	५०,०००	न.पा.
२)	भौतिक संरचनाको संरक्षण भए नभएको	नदी किनारको संरक्षित क्षेत्र, भौतिक संरचना तल माथिको क्षेत्र, नदीको बहाव आदि	स्थलगत निरिक्षण	६ महिनामा	२०,०००	न.पा.
३)	वायु, धुवा, ध्वनीको प्रदुषण	संकलन गर्ने तरिका तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको जाँच	स्थलगत निरिक्षण, स्थानीय मानिस संग सोधपुछ	६ महिनामा	२०,०००	न.पा.

DHANUSH Multipurpose Pvt. Ltd
धनुष नगरपालिका आधिकृत
CamScanner

क.स.	विषय वस्तु	सुचक	तरिका/विधि	समय तालीका	कुल रकम	जिम्मेवारी
४)	स्थानीय रोजगार	कामदारको नाम ठेगाना आदि	स्थलगत निरिक्षण, छड्के जाँच	काम शुरु गर्दा एकपटक	२०,०००	न.पा.

९.३. अनुगमन र न्युनिकरणको खर्चको विवरण :

तालिका ९.२ : अनुगमन र न्युनिकरणको अनुमानित लागत

स.नं.	अनुगमन र न्युनिकरणका गरिनेकृयाकलाप	अनुमानित रकम	अनुगमन गर्ने निकाय
१	फिल्ड निरीक्षण	४००,०००	न.पा.
२	न्युनिकरणका कृयाकलाप	५,५००००	न.पा.
	जम्मा	९,५०,०००	

DHANUSH Mu[illegible]os Pvt.Ltd

९.४ वातावरणीय अध्ययन समय तालिका

तालिका९.३ वातावरणीय अध्ययन समय तालिका

क्रियाकलाप	मंसीर महिना				पुष महिना			
	हप्ता १	हप्ता २	हप्ता ३	हप्ता ४	हप्ता १	हप्ता २	हप्ता ३	हप्ता ४
डेस्क अध्ययन र पुनरावलोकन								
सार्वजनिक सुचनाको प्रकासन								
स्थलगत अध्ययन र समुदायसितको परामर्श								
स्थानीय र सरोकारवालाहरुसंग सिफारिस संकलन								
मूल्यांकन र विश्लेषण								
स्थानीयबाट सुझाब संकलन								
मस्यौदा प्रतिवेदनको तयारी								
मस्यौदा प्रतिवेदनको प्रस्तुति								
मुल्यांकन समितिले उठाएका कमेन्टहरुको समावेश र अन्तिम प्रतिवेदन पेश								
अन्तिम प्रतिबेदनको स्वीकृति								

प्रमुख प्रशासकिय अधिकृत

DHAN Multipurpose

अध्याय : दश

निष्कर्ष एवं प्रतिवद्धता (Conclusion and Committment)

वातावरण संरक्षण दिगो विकासको मुल मान्यता हो। भौतिक विकास निर्माण वा अन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्न सक्ने हुनाले यस्ता कार्यहरु गर्दा प्रतिकूल प्रभावलाई यथासक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग गर्नकालागि वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ बमोजिम कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने हुन्छ। कमला नगरपालिका र गणेशमान चारनाथको सिमाना हुदै विभिन्न वडा वहाव क्षेत्र भएर बग्ने कमला नदीबाट दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको संकलन र उत्खनन् गर्ने कार्यसँग यो प्रस्ताव सम्बन्धित छ। नदीजन्य वस्तुको संकलनको योजना बनाई कार्य सञ्चालन गर्दा प्राकृतिक स्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ। निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा आदि समयमै वैज्ञानिक तरिकाद्वारा-संकलन हुंदा स्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीयस्तर देखि राष्ट्रियस्तर सम्म आपूर्तिको व्यवस्था हुनसक्छ। ढुङ्गा, गिट्टी बालुवा संकलन र उत्खनन् गर्ने नदी कुनै विशेष संवेदनशिल क्षेत्रमा पर्दैन। साथै यस प्रस्तावित क्षेत्र संरक्षित क्षेत्र, निकुन्ज, चुरे क्षेत्र जस्ता वातावरणीय दृष्टीकोणले संवेदनसिल क्षेत्र भित्र पर्दैन। साथै यस प्रस्ताव कार्यान्वयन गरीदा ठुलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति देखिदैन। यस प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा पहिचान भएका सम्पूर्ण वातावरणीय असरहरुलाई न्यूनिकरण गरी स्वीकार्य तहसम्म ल्याउन प्रभाव न्यूनिकरणका कम खर्चिला तथा सहज उपायहरु अपनाइएको छ।

प्रस्ताव कार्यान्वयन गर्दा खोलाहरुको निश्चित संकलन र उत्खनन् स्थानहरु तोकी कार्यान्वयन गरिएमा स्रोतको वैज्ञानिक एंव दिगो व्यवस्थापन हुने, रोजगारीको श्रृजना हुने, न.पा.को आयश्रोत वढ्ने, विकास निर्माण सामाग्रीको उपलव्धता हुने, संकलन तथा उत्खनन् मा अनियमितता घट्ने, श्रोत संरक्षण हुने, संकलन कार्य व्यवस्थित हुने जस्तासकरात्मक प्रभावहरु धेरै तथा महच्वपूर्ण रहेको र भू उपयोग, भौतिक संरचनामा असर पर्न सक्ने,वायू (धूवा, धूलो) ध्वनी प्रदूषण, पेशागत सुरक्षा, नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण जस्ता नकरात्मकप्रभावहरु विश्लेषण गर्दा कम महच्वपूर्ण र स्थान विषेश रहेकोले यो प्रस्ताव कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

वातावरणमा पर्न सक्ने प्रभावहरुका लागि प्रहिचान गरिएका निरोधात्मक विधिहरु अवलम्वन गर्ने र यि विधिहरुलाई ठेकेदारसँग सम्झौतामा गर्दा वुँदागत रुपमा राख्ने। प्रभाव वढोत्तीकरण, न्यूनीकरणका उपायहरुमा उत्खनन् तथा संकलन गर्न सक्ने परिमाण घाट पिच्छे तोकिदिने, क्षेत्र छुट्टाईदिने, उत्खनन् तथा संकलनसम्बन्धि कामदार तथा ठेकेदारले पालना गनुपर्ने सर्तहरु होडिङ्ग वोर्ड वनाएर संकलन गर्न खोलामा छिर्ने स्थानमा राख्नेजसका कारण स्रोतको सहि सदुपयोग हुने र वातावरणमा कम भन्दा कम नकरात्मक असर पर्ने, वढी भन्दा वढीसकरात्मक प्रभाव स्थानीयवासी र न.पा.ले अनुभव गर्न सर्क्नेछ न.पा.ले नियमित अनुगमन सकेसम्म स्थानीयवासीको रोहवरमा गर्नाले पहिचान गरिएका विधिहरु अवलम्वन भए नभएको थाहा हुने र भविष्य सहि कदमचाल्न र निर्णय लिन सहयोग पुग्नेछ।

सवै किसिमको अध्ययन तथा विश्लेषण गर्दा प्रस्ताव वातावरणमैत्री, सामाजिक तरिकाले अपनाउन मिल्ने र प्राविधिकदृष्टिकोणले उपयुक्त देखिएको निचोडमा पुगिएको छ र प्रस्ताव कार्यान्वयनलाई अझव्यवस्थितगर्न निम्न वमोजिमकोसुझावहरु प्रस्तुत गरिएको छ।

- अनुगमन योजनामा दिइएका न्यूनीकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गर्ने।
- स्थानीय समुदायको सहभागीतामा अनुगमन कार्यलाई प्रभावकारी वनाउन र खोलाहरुको रेखदेख गर्ने जिम्मा स्थानीय व्यक्ति/संस्थालाई दिने अथवा स्थानीय समुदायवाटै रेखदेख तथा संरक्षण समिति गठन गर्न सकिने ।

प्रमाणित प्रशासकिय अधिकृत

- प्रत्येक वर्ष वर्षा याम सकिए पछि थुप्रिएको ढुङ्गा, गिट्टी, बालुवाको परीमाण नापजांच गरी अभिलेख राख्ने र ठेकेदारले वर्षमा कति परीमाण कुन स्थान वाट संकलन गर्यो त्ससको अभिलेख राख्न स्थानीय व्यक्ति/संस्थावा स्थानीय समुदायवाट वनेको रेखदेख तथा संरक्षण समितिलाइ निर्देशन दिने ।
- ठेक्का संझौतामा उल्लेख भएको परीमाण, स्थान आदिको नियमित अनुगमन गर्ने ।

अन्तमा यस संकलन कार्य गर्नका निमित्त प्रारम्भिक वातावरणीय परिक्षण नै पर्याप्त भएकोले यसका अतिरिक्तवातावरणीय प्रभाव मूल्यांकन अध्ययन गर्न नपर्ने समेत देखिन्छ तथा यो प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २ वर्षका लागी बैध हुनेछ ।

कर्जन्हा नगरपालिका र गणेशमान चारनाथ नगरपालिकाको प्रतिबधता :

- अनुमगन योजनामा दिइएका न्यूनीकरणका उपायहरुको कार्यन्वयन र त्यसको अनुमगन गरिनेछ ।
- स्थानीयवासीको समस्याहरु बुझी उनीहरुको राय सुझाव लिइनेछ ।
- दक्षता तथा सिपको आधारमा रोज्गारिको लागी स्थानीयलाई प्रोत्साहन गरिनेछ ।
- प्रत्यक वर्ष वर्षायाम सकिएपछि थुप्रिएको ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नापजाँच अभिलेख राखिनेछ ।
- ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान, आदिको अनुमगन गरिनेछ ।
- नदी किनार कटानबाट हुने क्षति रोक्न उचित स्थानहरुमा तटबन्द निमाण गरिनेछ ।
- जिल्ला स्थित प्राबिधिक टोलीको संयोजकत्वमा वातावरण विद सहितको अनुमगन समितिद्वारा अनुमगन गरिनेंछ ।
- वालवालिकालाई कामदारको रुपमा प्रयोग गरीने छैन।
- कामदारहरुकोलागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपनाइने छ।
- रोजगारीकोलागि स्थानीयलाई प्राथमिकता दिइनेछ ।

अध्याय : एघार

सन्दर्भ सामाग्रीहरु(References)

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

नापी विभाग, टोपोग्राफिक नक्शाहरु, १९९२

जि.स.स सिरहा, जिल्ला पार्श्व चित्र सिरहा

नेपाल सरकार, प्राविधिक समिति, रोडा, ढुगा, गिट्टी तथा वालुवा नियमन् सम्वन्धी प्रतिवेदन, २०६७

नेपालको संविधान

वातावरण सम्बन्धी नीति

वन सम्बन्धी नीति

वातावरण सम्बन्धी ऐन तथा नियमावली

वन सम्बन्धी ऐन तथा नियमावली

वन्यजन्तु तथा जलचर संरक्षण सम्बन्धी ऐन तथा नियमावली

जलश्रोत ऐन सम्बन्धि ऐन तथा नियमहरु

खानी ऐन तथा नियमहरु

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

भू तथा जलाधार संरक्षण सम्बन्धी ऐन तथा नियमावली

फोहोर मैला व्यवस्थापन ऐन, २०६८

वातावरणीय प्रभाव मूल्याङ्न निर्देशिका

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/०२/२१

सर्वोच्च अदालतको आदेश र रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/०३/२७

वन तथा भू-संरक्षण मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय-२०७०/११/२०

नेपाल सरकार, वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४

राष्ट्रिय योजना आयोग तथा आइ.यु.सि.यन, राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका, २०५०

http://www.lawcommission.gov.np/

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/१२/२०

केन्द्रिय अनुगमनसमितिको मिति २०७३।०२।२७ को निर्णय

अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरु (International conventions)

प्रमुख प्रशासकिय अधिकृत

अनुसुचीहरु

अनुसुची १ सार्वजनिक सूचना
अनुसुची २ वातावरण मैत्री उत्खनन् क्षेत्रहरु प्रस्ताव गर्न अवलम्बन गरिएको मापदन्ड
अनुसुची ३ अध्ययन स्थलका फोटोहरु
अनुसूची ४ सार्वजिनक सुनवाईको तस्बिरहरु
अनुसूची ५ सार्वजिनक सुनवाईको म्यौनट
अनुसूची ६ स्वीकृत कार्यसूची
अनुसूची ७ GIS नक्शाहरु
अनुसूची ८ विभन्न संस्था को सूचना टास को मुचुल्का र सिफारिस पत्र हरु

प्रमुख प्रशासकिय अधिकृत

अनुसुची १ सार्वजनिक सुनवाई कार्यक्रमको सुचना

धनुषा धरनाथ नगर
नगर कार्यपालिकाको कार्यालय
धिरेन्द्रनगर, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

२०८१ पुस १२ गते शुक्रवार (Friday 28 December 2024) मिथिला रत्न दैनिक

कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश , नेपाल

सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सुचना !

सुचना प्रकाशन मिति :- २०८१/०९/१२ गते

सिराहा जिल्लाको कर्जन्हा नगरपालिकामा स्थित कमला खोलाको तोकिएको क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा संकलन/उत्खनन सम्बन्धी वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रम।

तपसिल :-

प्रस्तावकको नाम र ठेगाना	नाम: कर्जन्हा नगरपालिका ठेगाना : कर्जन्हा , सिराहा इमेल : karjnahamun@gmail.com	
प्रभाव परे सम्भाव्य क्षेत्र	कमला खोलाको तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन तथा संकलन	
प्रभाव परे सम्भाव्य क्षेत्र	सिराहा जिल्लाको कर्जन्हा नगरपालिका वडा न. १ ,२ ,३ ,४ ,६ र ७ र धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा न. ४,६,७,८ र ९	
सार्वजनिक सुनवाई हुने स्थान र मिति	मिति : २०८१/०९/१९ समय: बिहानको ९ बजे	स्थान : पोर्ताहाको क्वारेन्टाईन हल
	मिति : २०८१/०९/२० समय: बिहानको १० बजे	स्थान : फुल कुमारी महतो मा. वि. बन्दिपुर को प्रांगणमा

माथि उल्लेखित प्रस्तावको वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्न लागेको हुँदा क्षेत्रको भौतिक तथा पारिस्थितिक प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा पर्न सकानात्मक तथा नकारात्मक प्रभावहरु बारे अध्ययन गर्न आवश्यक भएकोले यस कार्यका लागि सर्वसाधारणमा देहायको ठेगानामा लिखित राय/सुझाव पेश गर्न अनुरोध गरिन्छ। यस सूचना प्रकाशित मितिले ७ दिन भित्र देहायको ठेगानामा लिखित राय/सुझाव पेश गर्न अनुरोध गरिन्छ।

प्रस्तावकको नाम र ठेगाना	नाम: कर्जन्हा नगरपालिका ठेगाना : कर्जन्हा , सिराहा इमेल : karjnahamun@gmail.com
सम्पर्क व्यक्तिको नाम र ठेगाना	धनुष माध्यमिक प्रा. वि. धनुषाधाम -९, धनुषा

प्रमुख प्रशासकीय अधिकृत

जनचेतनाको..... मात्र लिनु भनेपछि बढाउने काम नै जिल्लाका विभिन्न ठाउँबाट भएको थियो। चालु आवको पाँच दोहिदिमे, निर्क प्रशासका आजसम्म दालसमार चोरी भएका छन्। महिनाको अवधिमा डिजेल आपत

मिथिला रतन दैनिक २०८१/०९/१२ गतेमा प्रकाशित

प्रमुख प्रशासकिय अधिकृत

अनुसुची २: वातावरण मैत्री उत्खनन् क्षेत्रहरु प्रस्ताब गर्न अवलम्बन गरिएको मापदन्ड

- एतिहासिक गुगल नक्शा अध्ययन गर्दा अधिकाम्स समय दुङ्गा गिट्टी र बालुवा जस्ता खानीजन्य वस्तुहरुको भन्डारण देखिने।
- सम्भावित उत्खनन् क्षेत्र नदि प्रणली अर्न्तगत थेग्रिएका दीशा (Depositional side of river channel morphology) तर्फ भएको हुनु पर्ने
- सम्भावित उत्खनन् क्षेत्रको कम्तीमा ५०० मि. आसपास कुनै पनि निर्माण भएको तथा निर्माणाधिन भैतिक पुबाधार हुन नहुने
- सम्भावित उत्खनन् क्षेत्रको कम्तीमा २०० मि. आसपास कुनै वस्ती हुन नहुने
- सम्भावित उत्खनन् क्षेत्र जाने बाटो (motorable) भएको
- सम्भावित उत्खनन् क्षेत्रमा उचित मात्रामा थेग्रान भएको



अनुसुची ३ अध्ययन स्थलका फोटोहरु

प्रमुख प्रशासकिय अधिकृत



प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ४ सार्वजनिक सुनवाईको तस्बिरहरु

तस्बिर : २०८१/०९/१९ गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत आफ्नो मन्तब्य राख्दै



तस्बिर : २०८१/०९/१९ गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको नगर प्रमुख आफ्नो मन्तब्य राख्दै

तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको नगर प्रमुख आफ्नो मन्तब्य राख्दै



तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको नगर प्रमुख आफ्नो मन्तब्य राख्दै

तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको नगर उप प्रमुख आफ्नो मन्तब्य राख्दै



तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिकाको वडा न. ३ को वडा अध्यक्ष आफ्नो मन्तब्य राख्दै

DHANUSH

प्रमुख प्रशासकिय अधिकृत

...on Sustainable Extraction and Collection of Stone, Sand, Gravel and Boulders from kamala river



तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिका-२

प्रमुख प्रशासकिय अधिकृत

DHANUSH

...on Sustainable Extraction and Collection of Stone, Sand, Gravel and Boulders from kamala river

तस्बिर : २०८१/०९/२० गते सार्वजनिक सुनवाईमा कर्जन्हा नगरपालिका-२



तस्बिर :

२०८१/०९/१९ गते सार्वजनिक सुनवाईमा गणेशमान चारनाथ को नगर उप प्रमुख ज्यु आफ्नो मन्तब्य राख्दै

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ५ सार्वजिनक सुनवाईको म्यौनट

आज मिति २०८१/०९/१९ गते शुक्रवारको दिन गणेशमान चार नाथ नगरपालिका वडा नं:०७ को क्वारेन्टाइन हलमा कमला नदिबाट गाद जन्य पदार्थ उत्खनन तथा सङ्कलन कार्यको प्रारम्भीक वातावरणीय अध्ययन तथा परिक्षण कार्य सम्बन्धी सार्वजनिक सुनवाई बैठक यस गाँ-जिम जन प्रतिनिधी भद्र भलादमी र सरोकार-वालाहरुको देहाय बमोजुजको निर्णय तथा सुझाव लिई कार्य-क्रम सम्पन्न गरियो।

क्रम सं.	नाम/पद	ठेगाना	हस्ताक्षर
१.	श्री जित नारायण यादव (नगरप्रा)	ग.पा.न.पा.	
२.	श्री भोला पोखरेल (न.प्रमुख)	कर्जन्हा न.पा.	
३.	श्री बसुदेव यादव प्र.प्र.अ.	जाजेआम.चौराहा वडा नं.७	
४.	श्री सरहदि बाल प्र.प्र.अ.	कर्जन-६ वडा नं.२	
५.	श्री अरुण कुमार कर्ण वडा अध्यक्ष	गजेन्द्रमान.चौ.वडा नं-८	
६.	श्री दिपेन्द्र कुमार कर्ण वडा अध्यक्ष	" - ६	
७.	श्री प्रकाश केडरुवा वडा अध्यक्ष	कर्जन्हा न.पा.-३	
८.	श्री किसन साह "	" -११	
९.	श्री अशोक कुमार पासवान वार्डसदस्य	ग.चा.न.पा. वडा नं.६	
१०.	श्री अरुण कुमार यादव वडा अध्यक्ष	ग.न.पा.-९	
११.	श्री विरेन्द्र कुमार यादव		
१२.	" गणेश प्रसाद यादवका - लि.उ.कर्जन्हा नगरपा.ग.चा.६		
१३	उचित लाल गोइत		
१४	" सुन्दरराज उपाध्याय दहाल		
१५	" रामचरित्र साह		
१६	" अग्नेश्वर महतो	ग.चा.न.पा.वडा नं.८	
१७	" जयकुमार यादव	ग.चा.न.पा.-वडा-६	
१८	" अनुकुमार यादव	ग.चा.न.पा. ६	
१९	" रमेश कुमार यादव	ग.चा.न.पा. - [illegible]	
२०	" गंगाराम यादव श्री रामजानकी माविका [illegible]		
२१	किरुन कैवर्त महतो		

प्रमुख प्रशासकिय अधिकृत

Date
Page

क्र. सं.	नाम / पद	ठेगाना	हस्ताक्षर
१	श्री महेश पासमान		
२	श्री मनोज कुमार यादव	पोतहा	
२४	श्री जितेन्द्र यादव	गा.वि.स.क्षेत्र (प्रे.अं)	
२५	श्रवण कुमार साह	प्रमुख चिलुवानी (को-पो)	
२६	श्री तुलसी कुमारी पाण्डे	(उप-प्रमुख) गा.पा.स.पा. -	
२७	जयन्त महाराज	वडा अध्यक्ष	
२८	बौरुवाल महतो	गा.पा.स.पा. - ५	
२९	मनोज लाल कर्ण	गा.पा.स.पा. - ६	
३०	मनोज कुमार यादव	श्री त्रिभुवन चिलुवानी	
३१	मतिनाथ अधिकारी		
३२	बच्चा कुमारी सिंह	लवलोन/सवहाय चौकी	
३३	रामबाबु यादव	पार्टी प्रतिनिधी मा.ओ.पार्टी-८	
३४	राम एकवाल महतो	गा.पा.स.पा. स्वास्थ्य सामग्री	
३५	राम दिनेश महतो	गोरिया वडा अध्यक्ष/प्रमुख	
३६	प्रदिप कुमार महतो	वडा सदस्य	
३७	प्रदीप कुमार यादव	गौरीगंगा नगरपालिका - ११	
३८	जालधाया अलि		
३९	ई. चन्दन त्यागी/इन्जिनियर	सुखेपर - ४	
४०	ई. विवेक झा	" (पर्सागढी) सिरोहा - १०	
४१	ई. आशिष कुर्मी	" " "	
४२	राकेश यादव	प्रिजा शासन/प्रमुख कुर्मवहा नगरपालिका	
४३	नागेन्द्र प्रसाद		
४४	पृथ्वीराज यादव	अ.ज्ञा.पा.नि.गोटहा	गा.पा.स.पा - ६
४५	हरिश्चन्द्र गाईत	की आमाटमुत कि पोतहा	

थप सुझावहरु :-

१. कार्यमा सुपथ पार्नको लागि उत्खनन नगरेको ठाउँ जस्तो जनेको र उत्खनन हुने नदीको वहाव कायम गर्नु पर्ने ।

२. नदीजन्य पदार्थहरुको चोरी निकासी बन्द गर्नुपर्ने ।

३. उत्खनन गर्दा बेलचा वा हातले सोझाएको प्रयोग मात्र गर्नुपर्ने ।

४. उपभोक्ता समितिबाट कुनै नदी वर्गने वडालाई दुई भागमा
२।३।२१ वाडफाड वेर्ने पर्ने कामका प्राथमिकता दिनु पर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

५. खोलानमा Clamshize गर्नु पर्ने।

६. बांध भित्रा रहेको खेती, सामुदायिक वनलगायत संरक्षण गरी उत्खनन गर्नु पर्ने।

७. गणिशमान भारतपछि मात्रै नदी उत्खनन कार्य बढाउनु पर्ने।

८. रोजगारी बढाउनु पर्ने।

९. दुवानी गर्दा धुलो(दुवानी गर्नु पर्ने।

१०. उत्खनन गर्दा मेशिन(दुरमक्तका प्रयोग ~~[illegible]~~ साधन गरी उत्खनन गर्न सकिने।

DHANUSH Multipurpose Pvt.Ltd

प्रमुख प्रशासकिय अधिकृत

Date
Page

आज मिति २०८१।०९।२० गते शनिवारको दिन कजेन्हा नगरपालिका वडा नं. २ को फुलकुमारी महतोको प्राङ्गणमा कमला नदीबाट वालिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण तथा परीक्षण कार्य सम्बन्धी सार्वजनिक सुनुवाई देहाय बमोजिम जन प्रतिनिधी, सरोकारवाला र सरोकार(वालाहरुको देहाय बमोजिम उपस्थितिमा सम्पन्न गरियो।

क्र.स.	नाम। पद	ठेगाना	हस्ताक्षर। सम्पर्क
१.	श्री भोला प्रसाद पोखरेल (नगर प्रमुख)	कजेन्हा न.पा	भोलाप्रसाद
२.	श्रीमती तहानो कुमारी श्रेष्ठ (नगर उप प्रमुख)	"	
३.	श्री फागेन्द्र पोखरेल	वडा नं. १	
४.	श्री जगन्नाथ यादव	"	" - २
५.	श्री प्रकाश कोइराला	"	" - ३
६.	श्री दिपक के.सी	"	" ४
७.	श्री मकधानाथ श्रेष्ठ	"	" - ५
८.	श्री रामसेवक यादव	"	" - ६
९.	श्री मनहरि बराल	प्र.प्र.अ.	कजेन्हा न.पा.
१०.	श्री चन्दन यादव	वन्दिगंगा	सुरक्षीपु(न.पा.
११.	श्री निरज कुमार यादव	"	सिराहा न.पा.
१२.	श्री रामरोस यादव	सिक्षा.प्रा.उ.	कजेन्हा न.पा.
१३.	श्री देवेन्द्र कार्की. विलव	कजे-हा-न.पा.	
१४.	विल्लव बी. कटुवाल	"	
१५.	श्री हरिराम यादव	"	
१६.	नेत्रिक नेपाल	गं.चा.न.पा. ५	
१७.	कुन्ज कुमार सहनी	गं.चा.न.पा. ०६	
१८	गोपीला दोहाल	कजेन्हा - २	
१९	अं लोक वेहारु	वडा सदस्य - २	
२०.	श्री मेवलाल यादव	" ९	
२१	श्री सन्तोष पोखरेल	कजेन्हा न.पा.	
२२.	श्री शंकर राय	"	
२३	भानु कुमा(पाण्डवा	(प्र.अ.)	
२४	मानु यादव	प्र.अ. मा.वि. वान्दिपु(	
२५	प्रहरि वि.व आचार्य	कजेन्हा न.पा. २	
२६.	वि. मोति		

प्रमुख प्रशासकिय अधिकृत

क्र.सं.	नाम थर	पद	ठेगाना	हस्ताक्षर
२७.	[illegible]	प्र.अ.	[illegible]	
२८	[illegible]	[illegible]	[illegible]	
२९.	[illegible]	[illegible]	[illegible]	
३०.	[illegible]	[illegible]	[illegible]	
३१.	धनराम यादव		"	
३२	जितेन्द्र यादव		"	
३३.	[illegible]	परामर्शदाता	सितहा न.पा.-१०	
३४.	[illegible]	"	"	
३५.	[illegible]	वडाअध्यक्ष	कजरहा न.पा.-१०	
३६.	तेज पाण्डेय	अवर तेह्रो	"	

राय सुझावहरू :-

१. नदीजन्य पदार्थको चोरी निकासी बन्द गर्नु पर्ने।
२. जथाभावी उत्खननले गर्दा पानीको सतह तल गएको तसर्थ जथाभावी उत्खनन कार्य रोक्नु पर्ने।
३. Eco-friendly कार्यक्रमहरू लागु गर्नु पर्ने।
४. अनुगमन कार्य तीव्र गर्नु पर्ने।
५. खोलाको बीचको भागबाट उत्खनन गर्नु पर्ने।
६. कानुनको कुलेलाई लाग्न लगाउनु पर्ने।

DHANUSH Pvt.Ltd.

प्रमुख प्रशासकिय अधिकृत

जिल्ला समन्वय समिति कार्यालय सिरहा नेपाल

PAGE NO.
DATE / /

आज मिति २०८१/१०/२४ गते बुधबारका दिन गणेशमान चारनाथ न० पा० का नगर प्रमुख श्री जित नारायण यादव ज्यू को अध्यक्षतामा जस्ल पर्वीय पुंलवन् तथा संकलन कार्यिको लागि वातावरणीय अध्ययनन् कार्य (IEE) लागि विभिन्न प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिमका को निर्णय गरी कार्यालयको साथ सम्पन्न गरियो ।

क्र.सं.	नाम/थर	ठेगाना	हस्ताक्षर
१.	श्री. जित नारायण यादव	- नगर-प्रमुख ग.च.न.पा.	
२.	श्री. भोला प्रसाद पोखेल	- नगर प्रमुख कर्जन्हा न.पा.	
३.	श्री. लक्ष्मी कुमारी श्रेष्ठ	- नगर-उपप्रमुख "	
४.	श्री. रणजित कुमार यादव	- प्र.प्र.अ ग.च.न.पा.	
५.	श्री. मनहरी बसाल	- प्र.प्र.अ. कर्जन्हा न.पा.	
६.	" दिपेन्द्र बहादुर कार्कि	वडा-अध्यक्ष- ग.च.न.पा-६	
८.	" विक्रम कुमार साह	- नेपा प्रमुख ग.च.न.पा.	
८.	" रविन्द्र चौधरी	ग.च.न.पा-६	
९.	" विवेक कर्ण	- पत्रकार दाता	
१०	" राम विश्वास चण्डाली	इन्जिनियर ग.च.न.पा	
११	" धिरेन्द्र यादव	" "	

प्रस्तावहरु :-

१. IEE प्रारम्भिक वतावरणीय अध्ययन प्रतिवेदन मस्यौंढा परिवर्तन उपर छलफल ।
२. विविध ।

निर्णयहरु :-

प्रस्ताव नं. १ माथि छलफल गर्दा धनुष मन्दिरपोर्ज न.पा. मे तयार गरेको कमला खोलको नदीजन्य पदार्थ उत्खनन गर्ने सम्बन्धि IEE प्रतिवेदनको मस्यौंढामा छलफल

DHANUSH Multipurpose Pvt.Ltd

प्रमुख प्रशासकिय अधिकृत



गर्दा निम्नानुसारका विषयहरू यस गाँउ तिर्णय गरिएको।

① एक्सकेटर वा हेवी उपकरणको प्रयोग बन्देज गर्ने।
② समथ खिम्ता सहित मझौला प्रकृतिको उपकरण (बकेट सहितको ट्रेक्टर) मात्र प्रयोग गर्न दिने।
③ चौडाई क्रसम गरी मात्र उत्खनन क्षेत्र तोक्ने।

प्रस्ताव नं.२ माथि छलफल गर्दा उपरोक्त अनुसारको बाँध हद समावेश गरी सक्दो छिटो अन्तिम प्रतिवेदन तयार गरी प्रमाणको हाताभाई पेश गर्ने निर्णय गरिएको छ।

अनुसूची ६ स्वीकृत कार्यसुची

DHANUSH
Multipurpose Pvt.Ltd

प्रमुख प्रशासकिय अधिकृत

जिल्लाको कर्जन्हा नगरपालिका स्थित कमला नदीको तोकीएको क्षेत्रबाट दिगो रुपमा
ढुङ्गा, गिट्टी, ग्राभेल तथा वालुवाको संकलन/उत्खनन कार्यका लागी गरिएको प्रारम्भिक
वातावरणीय परीक्षणको कार्यसुचि



कार्यसूचि (TOR) पेश गर्ने निकाय:

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा ,सिरहा

मधेश प्रदेश , नेपाल

प्रस्तावक:

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा ,सिरहा

मधेश प्रदेश , नेपाल

२०८१/८२

प्रमुख प्रशासकीय अधिकृत

विषय सुचि

कार्यसूचि (TOR) पेश गर्ने निकाय: १

प्रस्तावक: १

१ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना: १

१.१ योजना र प्रस्तावको नाम ४

१.२ प्रस्तावकको नाम र ठेगाना: ४

१.३ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना: ४

२. प्रस्ताबको विस्तृत विवरण ४

२.१ प्रस्ताबको पृष्ठभुमि: ४

२.२ प्रस्ताबको सामान्य परिचय ५

२.३ प्रस्ताबको आवश्यकता ५

२.४ प्रस्ताबको सान्दर्भिकता ६

२.५ प्रस्ताबको अवस्थिति ६

२.६ प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि कार्यसुचि (TOR) का उरेश्यहरु ८

३. प्रतिवेदन तयार गर्दा अपनाउने विधि ८

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पूनरावलोकन एवं संश्लेषण (Review and Synthesis ofSecondary Information and Data): ९

३.द फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण (Field Survey and Site investigation): ९

३.३ सार्वजनिक सुचना एवं सिफारिस पत्रहरु (Public Notice and Recommendation Letters): १०

३.४ तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान/अनूमान/मूल्याङ्कन, प्रभाव न्यूनिकरण विधिहरुको पहिचानसूझाव एवं प्रतिवेदन तयारी (Data Analysis, Identification/Prediction/Evaluation of Impacts, Identification / Suggestion of Mitigation Measures and Reporting): १०

४ प्रतिवेदन तयार गर्दा बिचार गर्नू पर्ने नीति, नियम ऐन, तथा निर्देशिका: १०

५ प्रतिवेदनको तयारि १२

५.१ समय तालिका १२

५.२ बजेट १२

५.३ जनशक्ति १२

६ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास सकरात्मक तथा नकरात्मक प्रभाव: १३

६.१ सकारात्मक प्रभाव १३

६.२ नकरात्मक प्रभाव १३

प्रमुख प्रशासकिय अधिकृत

७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु: १४

८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयहरु: १४

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु: १५

१०. अन्य आवश्यक कुराहरु : १५

११ प्रतिवेदनको स्वरुप १५

प्रमुख प्रशासकिय अधिकृत

१ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगानाः

१.१ योजना र प्रस्तावको नाम

सिरहा जिल्लाको कर्जन्हा नगरपालिका स्थित कमला नदीको तोकीएको क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, ग्रामेल तथा बालुवाको संकलन/उत्खनन कार्य गर्ने ।

प्रस्तावको नाम

सिरहा जिल्लाको कर्जन्हा नगरपालिका स्थित कमला नदीको तोकीएको क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, ग्रामेल तथा बालुवाको संकलन/उत्खनन कार्य गर्न तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची ।

प्रस्तावका प्रभावका क्षेत्रहरु – सिराहा जिल्लाको कर्जन्हा नगरपालिका वडा न. १ ,२ ,३ ,५ ,६ र ७

र

धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा न. ५,६,७,८ र ९

प्रस्ताव गरिएको मात्रा: दैनिक – ३०० घन मीटर (सवैभन्दा बढि निकाल्न मिल्ने खण्डबाट)

१.२ प्रस्तावकको नाम र ठेगानाः

नाम : श्री कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठेगाना : कर्जन्हा, सिरहा

१.३ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगानाः

नाम: धनुष मल्टीपर्पोज प्रा.लि.
ठेगाना: धनुषाधाम -९ ,धनुषा
फोन नं.: ९८०६७४९४८८

२. प्रस्ताबको विस्तृत विवरण

२.१ प्रस्ताबको पृष्ठभुमिः

कर्जन्हा नगरपालिका मधेस प्रदेश, सिराहा जिल्लामा अवस्थित छ । कर्जन्हा नगरपालिका मधेश प्रदेश अन्तरगत सिराहा जिल्लामा अवस्थित वहुल विशेषता वोकेको नगरपालिका हो । साविकका कर्जन्हा, वडहरामाल, कल्याणपुर कालावञ्जर र गौताडी गाविस हरू मिलेर वनेको यो नगरपालिका ७६.८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। कर्जन्हा नगरपालिका २६ डिग्री ४८ मिनेट ४१ सेकेण्ड उत्तर देखि २६ डिग्री ५६ मिनेट ६ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ८ मिनेट ० सेकेण्ड पूर्व देखि ८६ डिग्री १४ मिनेट ५७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। नगरको तापकम अधिकतम ३८ डिग्री सेल्सियस पुग्छ भने न्यूनतम तापकम १० डिग्रीसम्म हुन्छ । यस नगरपालिकाको कार्यालय सिराहा जिल्लाको जिल्ला सदरमुकाम लाहान देखि करीव ३४ किमीको दुरीमा अवस्थित छ । सिराहा जिल्लाको पश्चिम सिमान्तक यस

DHANUSH

प्रमुख प्रशासकिय अधिकृत

गरपालिकाको पूर्वमा मिचैया नगरपालिका, दक्षिणमा कल्याणपुर नगरपालिका र उत्तरमा उदयपुर जिल्लासँग सिमाना ोडिएको छ। पश्चिममा कमला नदीले धनुषा जिल्ला सँगको सीमाना छुट्याएको छ। यस नगरपालिकाको कूल क्षेत्रफल ४८३ वर्ग किमी रहेको छ। यसले जिल्लाको कूल क्षेत्रफल (११४०.५७ वर्ग कि.मी.) को ६.७४ प्रतिशत भूभाग ओगटेको छ। यस नगरपालिकामा विभिन्न जातजातिहरु जस्तै यादव, मुसलमान, ब्राह्मण,छेत्री, लोहार, चमार आदि वसोवास ार्छन। यस्तै यस क्षेत्रको मुख्य चाडपर्वको रुपमा दशैं,तिहार, ईद, माघी, होलि आदि रहेको छ।

यस क्षेत्रको जनसंख्या जुन गतिमा वृद्धि भईरहेको छ, सोही गतिलाई पछ्याउदै विकास निर्माणका कार्यहरु पनि संगसंगै अघि बढिरहेका छन्। उक्त निर्माणकार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु जस्तै ढुंगा, वालुवा र गट्टीको पनि माग यस क्षेत्रमा तिव्र रुपमा बढदै गइरहेको छ। यस नगरपालिका भएर वग्ने उल्लेखित खोलाहरुवाट परम्परा देखिनै ढुंगा, बालुवा तथा गट्टी संकलन तथा बिक्री वितरण हुँदै आएकोमा नेपाल सरकारले वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ (संसोधन सहित) लागु गरेको परिपेक्षमा सोही ऐनको दफा ४ मा स्वीकृति लिएरमात्र ढुंगा, बालुवा र गट्टीको संकलन गर्न पाईने व्यवस्था भएको साथै स्वायत्त शासन ऐन २०५५ वमोजिम ढुंगा, वालुवा र गट्टीको सकलन, उत्खनन र निकासीको अनुमति दिनुपुर्व उल्लेखित प्रस्ताव कार्यन्वयन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार पारी स्वीकृती लिनुपर्ने प्रावधान रहेकोले यस नगरपालिकाले नियमानुसार उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहे वमोजिम नगरपालिका भित्रको कमला नदीको १ खण्डमा ढुंगा, वालुवा तथा गट्टी संकलन गर्दा हाल के कस्तो वातावरणीय असर हुन्छ सो को लेखाजोखा गरी प्रतिवेदन तयार गर्न यो कार्यसुचि तयार गरीएको हो।

२.२ प्रस्ताबको सामान्य परिचय

क.स.	संकलन तथा उत्खनन क्षेत्र	नगरपालिकाको नाम	वडा नं.
१	**कमला** खोला १	**कर्जन्हा** नगरपालिका	३

यो प्रस्ताव कार्यन्वयको मुख्य उद्देश्य

- नदीहरुको वहावलाई नियमित गर्नु।
- नदीजन्य पदार्थहरुको संकलनवाट राजश्व वृद्धि हुनु।
- ढुंगा, गिट्टी दैनिक रुपमा ३०० घ.मी. सम्म संकलन गर्नु हुनेछ।

२.३ प्रस्ताबको आवश्यकता

- जथाभावी उत्खनन संकलनवाट हुनसक्ने वातावरणीय प्रभावहरु जस्तै नदीको वहाव परिवर्तन, भुक्षयका साथसाथै अन्य सामाजिक सम्पत्तिहरुमा हुनसक्ने हानी नोक्सानी नहुने गरि वातावरण मैत्रीरुपमा ढंगा, गिट्टी र वालुवा संकलन, आपूर्ति र व्यवस्थापन गर्ने।
- स्थानीयस्तरमा आय आर्जन वृद्धि गरि स्थानीय विकासका आवश्यकतालाई सम्वोधन गर्ने।
- खेर गइरहेको प्राकृतिक सम्पदावाट स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने।

प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय बासिन्दाहरुमा बैकल्पिक रोजगारीको सृजना गर्ने ।

२.४ प्रस्ताबको सान्दर्भिकता

प्राकृतिक श्रोतहरुको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई अधिकतम बनाउन तथा प्रतिकुल हटाउन वा न्यून गर्न वातावरण संरक्षण ऐन, २०७६ र सो अन्तर्गत कार्यन्वयनमा आएको वातावरण संरक्षण नियमावली २०७७ को अनुसुचि (२)(ग) खानि क्षेत्र अन्तर्गतको (७) मा नदी सतहबाट दैनिक १०० देखि ३०० घन मिटर सम्म ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि निकाल्ने प्रस्तावको लागि वातावरणीय परीक्षण गर्नु पर्ने कानुनि प्रावधान छ । अत : यो नियमावलीको प्रावधान अनुसार उक्त प्रस्तावको कार्यन्वयनवाट वातावरणमा के कस्तो प्रभाव पर्दछ सो वारेमा मुल्याङकन गर्नु यस प्रस्तावको सान्दर्भिकता रहेको छ ।

२.५ प्रस्ताबको अवस्थिति

कर्जन्हा नगरपालिका भएर वग्ने कमला खोलावाट ढुंगा, गिट्टी, र वालुवा संकलन गर्ने क्षेत्रहरु तलको तस्विरमा देखाईएको छ ।



तस्वीर १: नक्सामा कर्जन्हा नगरपालिकाको अवस्थिति

प्रमुख प्रशासकिय अधिकृत

DHANUSH Multipurpose Pvt. Ltd

IEE FOR SUSTAINABLE EXTRACTION OF RIVER BED MATERIALS FROM KAMALA RIVER

GEOLOGICAL MAP



तस्वीर २: कर्जन्हा नगरपालिकाको भुभर्ग नक्सा

IEE FOR SUSTAINABLE EXTRACTION OF RIVER BED MATERIALS FROM KAMALA RIVER

LANDUSE MAP



तस्वीर ३ : कर्जन्हा नगरपालिकाको भुउपयोग नक्सा

प्रमुख प्रशासकिय अधिकृत

DHANUSH Multipurpose Pvt. Ltd

IEE FOR SUSTAINABLE EXTRACTION OF RIVER BED MATERIALS FROM KAMALA RIVER

RIVER NETWORK MAP OF KARJANHA MUNICPALITY



तस्वीर ३ : कर्जन्हा नगरपालिकाको जलाधार क्षेत्र नक्सा

२.६ प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि कार्यसुचिका उदेश्यहरु

यस प्रस्ताबको मुख्य उद्देश्य प्रस्ताबका कार्यन्वयन हुने कमला नदि तथा आसपासका क्षेत्रमा प्रस्ताव कार्यन्वयनबाट भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा पर्न सक्ने सकारात्मक प्रभावको अभिवृद्धि र नकारात्मक प्रभावको पहिचान गर्नुको साथै ती प्रभावहरुको मूल्यांकन गरी न्यूनिकरण गर्नु हो । यसका अन्य उद्देश्यहरु निम्न रहेका छन् ।

- वातावरण संरक्षण ऐन, नियमावली तथा स्वीकृत कार्यसूचि बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने ।
- प्रस्तावित क्षेत्रको जैविक, सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक विषयहरुको तथ्याङ्क संकलन गरी त्यसमा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरुको पहिचान गर्ने ।
- दिगो संकलन विधि कार्यान्वयनका लागि सिफारिश गर्ने ।
- प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्ने र अनूकुल प्रभावलाई अधिकतम गर्ने उपायहरु अवलम्वन गर्न सुझाव दिने ।
- प्रस्तावित क्षेत्रको प्रस्ताव कार्यान्वयनका लागि अनुगमन विधि तय गर्ने ।
- प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्वन्धमा जानकारी गराई उचित निर्णय लिन निर्णयकर्तालाई सघाउ पुर्‍याउने ।

३. प्रतिवेदन तयार गर्दा अपनाउने विधि

वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ (संसोधन सहित) मा व्यवस्था भएका प्रकियाहरुको अनुसरण गरी र वातावरणीय अवस्थाको अध्ययन गरिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

नगरपालिकाको कमला नदीको स्थलगत अध्ययन भ्रमण गरी उक्त भ्रमणबाट प्राप्त जानकारि र नगरपालिकाबाट प्राप्त जानकारीको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरिने छ।

तयार पार्न चाहिने प्रथम तथा दोस्रो क्रमको (Primary and Secondary Information) क्रमश अध्ययन र सन्दर्भ ग्रन्थहरुको पुनरावलोकनबाट संकलन गरिनेछ। प्रतिवेदन तयार पार्न आवश्यक प्राथमिक भौतिक र जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु नदीको स्थलगत अवलोकन र श्रोत सर्वेक्षणद्वारा तथा सांस्कृतिक र आर्थिक वातावरण सम्बन्धी विवरणहरु र प्रस्तावित नदि खोलाहरुको विवरण, अन्तरक्रिया, नगरपालिकाको स्थलगत क्षेत्रमा कार्यरत कर्मचारीहरुसंग छलफल अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन विभिन्न किसिमका सन्दर्भ ग्रन्थहरु, कार्यालयका अभिलेखहरु, नक्शाहरु, नगरपालिका र जि.स.स. का पार्श्वचित्र, नगरपालिका र जि.स.स. का तथ्याङ्कहरुबाट दितीयक तथ्यांक संकलन गरिनेछ।

प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण (Review and Analysis ofSecondary Information and Data):

अध्ययन तथा सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन

जैविक वातावरणीय परीक्षण गर्न आवश्यक पर्ने द्वितीय क्रमका जानकारीहरु विभिन्न उपलब्ध प्रतिवेदनहरुबाट साभार गरियो। सामाजिक आर्थिक जानकारीहरु राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त गरियो। सन्दर्भ सामग्रीको हकमा वातावरण संरक्षण ऐन, २०७७ र वातावरण संरक्षण नियमावली, २०७७ (संसोधन सहित), राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०, वन पैदावार बिकी वितरण कार्यविधि निर्देशिका आदि संकलन गरि अध्ययन गरिएको थियो।

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको अध्ययन :

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था कमला नदीको अवस्थितिका साथै वन तथा वातावरणको जानकारी संकलन गर्नका लागि नापी विभागबाट प्रकाशित टोपो नक्शा र उपलब्ध सन्दर्भ सामग्रीहरु समेत अध्ययन गरी विवरणहरुको जानकारी लिईएको थियो।

फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण (Field Survey and Site investigation):

स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरु हासिल गर्नका लागि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धि आवश्यक सम्पुर्ण बुंदाहरु समाविष्ट हुने गरी आवश्यकतानूसार चेकलिष्टहरु निर्माण गरियो। स्वीकृत कार्यसूचीमा निर्दिष्ट गरिएका प्रभाव क्षेत्रहरुमा अध्ययन टोलीले निरिक्षण गरि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धी जानकारी हासिल गरिएको थियो।

(क) भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्य

उपरोक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरु मध्ये केहि महत्वपूर्ण स्थानहरुको नमूना क्षेत्रहरुको छनौट गरी ती स्थानहरुको सर्वेक्षण गरिएको थियो। यसरी अध्ययन गर्न भ्रमण गर्ने क्रममा स्थानीय जनताहरु र वन उपभोक्तासमूहहरु सँग त्यस क्षेत्रको माटो, बालुवा, चट्टान, जलाधार क्षेत्र, भूक्षय हुने क्षेत्र, खोलानालामा पानीको अवस्था,आदि बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा जानकारी संकलन गर्ने कार्य गरिएको थियो।

(ख) जैविक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्य

DHANUSH Multipurpose Pvt.Ltd

प्रमुख प्रशासकिय अधिकृत

प्रजातिम, अवस्था, रुख तथा जीवजन्तुहरुको प्रजाती आदि बारे जानकारी समेटिनुका साथै स्थानीय वासिन्दाहरुको प्रयोजिम वन्यजन्तु तथा पशुपंक्षीबारे टिपोट गरिएको थियो । माछाबारे जानकारी लिन खोला नाला तथा पोखरीमा भेटिएका साथै माछा मार्ने स्थानीय व्यक्तिहरुबाट जानकारी संकलनगर्नुका साथै सोको नाम र प्रकृति को अध्ययनगरिएको थियो । प्रस्ताब कार्यान्वयन हुने वन क्षेत्रहरुमा पाईने र आवत जावत गर्ने खासगरी स्तनधारी जसले प्रजातीका वन्यजन्तुको बारेमा थप जानकारी लिन स्थानीय जनताहरुसँग सोधपुछ गरिएको थियो । उपरोक्त वातावरण बारे जानकारी लिने क्रममा तोकिएका स्थानहरुमा स्थलगत भ्रमण गरी विवरण संकलन गर्ने कार्य पनि थियो ।

सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क संकलनकार्य

यस खासगरी स्थलगत रुपमा ग्रामीण लेखाजोखा विधिको प्रयोग गरिएको थियो । विभिन्न जाती, धर्म,पेशा, वर्ग को प्रतिनिधित्व हुने गरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा सास्कृतिक वातावरणसम्वन्धी जानकारी पनि गरिएको थियो ।अन्य जानकारी उपलब्ध गर्नका लागि जानकार व्यक्तिहरुसँग भेटघाट गरिएको थियो । रिती, रिवाज ऐतिहासिक सम्पदाहरु जस्तै मठ, मन्दिर, पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण र मन्दिरहरुका पुजारी, सन्त, महन्त तथा जानकार व्यक्तिहरुसँगको छलफल समेत वाट जानकारी संकलन गर्ने कार्य गरी सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावका बारेमा जानकारी हासिल गरिएको थियो ।

सार्वजनिक सुचना एवं सिफारिस पत्रहरु (Public Notice and Recommendation Letters):

अध्ययनलाई प्रस्ताव सम्बन्धी जानकारी प्रदान गर्ने हेतुले कर्जन्हा नगरपालिका को कार्यालय, सिरहाले सार्वजनिक स्थानमा प्रकाशित गरेको थियो । उक्त सार्वजनिक सूचना प्रकाशित गर्नुको मूख्य उद्देश्य स्थानीय वासिन्दाहरुको प्रस्ताव सम्बन्धी धारणा तथा राय सुझाव संकलन गर्नु थियो ।

